डि.स.का.न.पा. दर्ता नं.: ४३५/०६७/०६८

पान नं.: ३०४४१८८२०

नेफ्स्कून



# १४औं वार्षिक साधारण सभा

२८ कार्तिक २०८१

# हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लि.

सहकार्य सँगसँगै समृद्धि

**HAMRO SUPER SAVING & CREDIT CO-OPERATIVE LTD.**

SUCCEED PROBATION

Program for building Absolute & Professionalization

मुख्य कार्यालयः बर्दघाट-२, चिसापानी, नवलपरासी



# संस्थाले प्राप्त गरेको पुरस्कार तथा सम्मानहरू



"बर्दघाट नगरपालिकाको चाहनाः शान्त, समृद्ध, समुन्नत र सुन्दर समाजको स्थापना"

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणपत्र

यस नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र रही सञ्चालनमा रहेका सहकारी संस्थाहरूमध्येबाट सदस्यता विस्तार तथा कोपोमिस (COPOMIS) प्रणालीमा सदस्यको (KYM) विवरण प्रविष्टिमा महत्वपूर्ण योगदान पुऱ्याएकोमा हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लि. बर्दघाट-२, नवलपरासीलाई उत्कृष्ट सहकारीको रूपमा सम्मान स्वरूप यो प्रमाणपत्र प्रदान गरिएको छ ।

मितिः २०८० जेठ २६ गते

आगामी दिनमा उत्कृष्ट कार्य सम्पादनको अपेक्षासहित हार्दिक बधाई ।

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

रुद्र प्रकाश उपाध्याय
उपप्रमुख

शम्भुलाल श्रेष्ठ
प्रमुख

आ.व. २०८०/२०८१



Certificate

Nepal Federation of Savings and Credit Cooperative Unions Ltd.
New Baneshwor, Kathmandu

Hereby certify that

HAMRO SUPER
Savings & Credit Cooperative Ltd., Nawalparasi Susta Paschim

has established and applied a credit union management system that can enhance the common bond, capabilities, synergy and professionalization within SACCOS towards achieving future strategic needs on the perspectives of Financial and Institutional Development.
An audit was performed and documented in Report No. PR-0037-077/78
Results indicate that the requirements according to PROgram for Building Absolute and ProfessionalizaTION (PROBATION) are fulfilled.

SUCCEED
PROBATION

Certification is valid from December 16, 2020 to December 15, 2021

Prakash Pd. Pokharel
Acting Chief Executive Officer
NEFSCUN

Paritosh Paudyal
Chairperson
NEFSCUN

November 20, 2020

आ.व. २०७७/२०७८




पूर्व सञ्चालकज्यूहरुसँग विस्तारित भेला कार्यक्रम




सहकारीको नेतृत्वको लागि पूर्व नेतृत्व विकास कार्यक्रम





गरिब तथा जेहेन्दार बालबालिकाको शैक्षिक अभिभाराको अभिभाकत्व ग्रहण गरि ३ वटा बालबालिकालाई माध्यमिक तहसम्म अध्ययन गराउने जिम्मेवारी लिदै







संस्थाले आयोजना गरेको VIA Camp


Membership
6000
5000
4000
3000
2000
1000
0
4425
4891
5200
5417
2077/2078
2078/2079
2079/2080
2080/2081


Share (0000)
3200
3100
3000
2900
2800
2700
2600
2500
2718
2917
3105
3096
2077/2078
2078/2079
2079/2080
2080/2081


Saving (0000)
35000
30000
25000
20000
15000
10000
5000
0
20296
24671
24270
30853
2077/2078
2078/2079
2079/2080
2080/2081


Loan (0000)
35000
30000
25000
20000
15000
10000
5000
0
20591
27315
25439
29052
2077/2078
2078/2079
2079/2080
2080/2081


Profit (0000)
600
500
400
300
200
100
0
319
463
510
520
2077/2078
2078/2079
2079/2080
2080/2081


Total Asset(0000)
45000
40000
35000
30000
25000
20000
15000
10000
5000
0
26564
31890
32056
38338
2077/2078
2078/2079
2079/2080
2080/2081

# Hamro Super Mobile & SMS Banking

*अब तपाईंको सहकारी, तपाईंको हातमा ।*

## मोबाईल एप्सका विशेषताहरु:

- खानेपानी, बिजुली, ईन्टरनेट आदिको बिल भुक्तानी गर्न सकिने,
- ESEWA, KHALTI, IMEPAY, PRABHU PAY आदिमा फण्ड ट्रान्सफर गर्न सकिने,
- हवाई टिकट, बस आदिको टिकट लिन सकिने,
- बैंकबाट सहकारी र सहकारीबाट बैंकमा रकम पठाउन सकिने,
- शेयर सदस्यहरुको खातामा रकममा सजिलै पठाउन सकिने,
- City Remit बाट पठाएको पैसा सिधै आफ्नो खातामा जम्मा गर्न सकिने ।

नोटः आइफोन प्रयोगकर्ताहरुले (IOS User) एप स्टोरमा गई Mbank Global V5 App डाउनलोड गरी चलाउन सकिनेछ।

## Hamro Super Smart App

तपाई जहाँ भएपनि
Hamro Super Smart App
तपाईंको हातमा

Google play | App Store



प्राविधिक सहकार्य
mBank

DOWNLOAD NOW

Our Services

MobileTopup, QR Payments, Broker, Bank Transfer, Demat/Share, NEA, Fund Transfer, Khanepani, Wallet, T.V, Insurance, Notification, Airlines, Internet, Remmitance, Movies, Credit Card, Finger Print, Govt.Payment, Data Pack

## संस्थाको कार्यालयहरुको सम्पर्क नम्बर


**मुख्य कार्यालय: बर्दघाट-२, चिसापानी, नवलपरासी**

फोन नं.: ०७८-५८०६२७, ५८०६२८ । ईमेल: info@hamrosupersaccos.coop.np

वेबसाईः www.hamrosupersaccos.coop.np

**पञ्चनगर सेवा केन्द्र, ब.न.पा. -९**, सम्पर्क नं.: ०७८-४१२२०४, Email: panchhanagar.hamrosupersacoss91@gmail.com

**भटौलिया सेवा केन्द्र, ब.न.पा. -१२**, सम्पर्क नं.: ९८०२६७०५५९, Email: bhatauliya.hamrosupersacoss@gmail.com

**जिमिरेभार सेवा केन्द्र, ब.न.पा. -७**, सम्पर्क नं.: ०७८-४११२३६, Email: jimirebhar.hamrosupersacoss7@gmail.com

**एकता महिला सेवा केन्द्र, ब.न.पा. -१६**, सम्पर्क नं.: ०७८-५९०६२८, Email: hamrosuper.ekatasewakendra067@gmail.com



छपाई : त्रिवेणी प्रिन्टिङ्ग प्रेस, परासी ९८५७०४७४३४

हाम्रो सुपर
सहकार्य सँगसँगै समृद्धि
बचत तथा ऋण सहकारी संस्था लि.
HAMRO SUPER SAVING & CREDIT CO-OPERATIVE LTD.

मितिः- २०८१/०६/२९

आदरणीय शेयर सदस्यज्यूहरु

विषयः साधारण सभामा उपस्थिती सम्बन्धमा ।

यस संस्थाको मिति २०८१/०५/०८ गते बसेको संचालक समितिको २०६ औं बैठकको निर्णयानुसार संस्थाको चौधौं वार्षिक साधारण सभा संस्थाको विनियम २०६७ को अधिनको रहि तपसिल बमोजिमको मिति, समय र स्थानमा साधारण सभा हुने व्याहोरा जानकारी गराउँदै उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल**

अन्तिम साधारण सभा हुने मिति : २०८१ कार्तिक २८ गते बुधवार

समय : १०:०० बजे

स्थान : वि एण्ड वि प्रा. लि., बर्दघाट-२, चिसापानी

साधारण सभाको यातायात खर्च पाउनको लागि नियमित बचत खातामा अघिल्लो ६ महिनासम्मको बचत गरेको हुनुपर्नेछ ।

| एकाई नं. | सदस्यहरु | मिति | स्थान |
|---|---|---|---|
| ४ | पञ्चनगर सेवा केन्द्रका सदस्यहरुको लागि | २०८१/०७/२१ | दुर्गा मन्दिर परिसर, ब.न.पा.-९ |
| ५ | एकता महिला सेवा केन्द्रका सदस्यहरुको लागि | २०८१/०७/२२ | क्षेत्री समाज हल, बर्दघाट न.पा.-१६ |
| २ | भटौलिया सेवा केन्द्रका सदस्यहरुको लागि | २०८१/०७/२६ | भटौलिया सेवा केन्द्र, ब.न.पा.-१२ |
| १ | मुख्य कार्यालयका सदस्यहरुको लागि | २०८१/०७/२४ | दिव्यज्योति मा.वि., ब.न.पा.-२ |
| ३ | जिमिरेभार सेवा केन्द्रका सदस्यहरुको लागि | २०८१/०७/२५ | त्रिनेत्रधाम मन्दिर जिमिरेभार, ब.न.पा.-७ |

उपस्थितीमा हस्ताक्षर गर्ने समय कार्तिक २१ देखि २८ गतेसम्ममात्र हुनेछ र सुझाव संकलन कार्य कार्तिक २७ गतेभित्र पायकपर्ने कार्यालयमा बुझाउन सक्नुहुनेछ ।

**साधारण सभा समक्ष प्रस्तावित छलफलको विषयहरुः**

- संचालक समितिको तर्फबाट सचिवद्वारा आ.व. २०८०/२०८१ को प्रगति विवरण र आ.व.२०८१/२०८२ को प्रस्तावित वार्षिक कार्यक्रम छलफ तथा अनुमोदन ।
- कोषाध्यक्षद्वारा आ.व. ०८०/०८१ को प्रगति विवरण र आ.व. ०८१/२०८२ को प्रस्तावित वार्षिक कार्यक्रम छलफल तथा अनुमोदन ।
- आ.व. २०८०/२०८१ को लेखा समितिको प्रतिवेदनमा छलफल तथा अनुमोदन ।
- आ.व. २०८०/२०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन प्रस्तुत र अनुमोदन ।
- आ.व. ०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्ती तथा पारिश्रमिक सम्बन्धमा ।
- शेयर लाभांस र संरक्षित पूँजीकोषकोषको रकम वितरण सम्बन्धमा ।
- संचालक समिति चयन तथा निर्वाचन सम्बन्धमा ।
- निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि तोक्ने सम्बन्धमा ।
- विनियम संसोधन, कार्यक्षेत्र थप र एकिकरण सम्बन्धमा ।
- नीति संसोधन तथा नयाँ नीति अनुमोदन सम्बन्धमा ।
- विविध विषयहरु ।

विष्णु प्रसाद बराल
सचिव

# वर्तमान सञ्चालक समिति



**श्री खेमराज सुवेदी**
अध्यक्ष



**श्री सावित्रा दुवाडी**
उपाध्यक्ष



**श्री मायादेवी पौडेल**
निवर्तमान अध्यक्ष



**श्री विष्णुप्रसाद बराल**
सचिव



**श्री रुक्मागत पाण्डे**
कोषाध्यक्ष



**श्री मनोहर रायमाझी**
सदस्य



**श्री तिलकुमारी श्रेष्ठ**
सदस्य



**श्री विमलकुमार श्रेष्ठ**
सदस्य



**श्री खगीसरा राना**
सदस्य



**श्री आत्माराम भट्टराई**
सदस्य



**श्री सन्तोष अर्याल**
सदस्य



**श्री पार्वती भट्टराई**
सदस्य

# लेखा सुपरिवेक्षण समिति



**श्री कमलप्रसाद चापागाई**
संयोजक



**श्री कमलाकुमारी गुरुङ**
सदस्य



**श्री विमलप्रसाद पन्थी**
सदस्य

# सल्लाहकारहरू



श्री चन्द्रप्रसाद ढकाल



श्री दिलकुमारी कुँवर



श्री शिव प्रसाद पौडेल



श्री ऋषीराम सुवेदी



श्री हरि बहादुर बुचा

# संस्थामा कार्यरत कर्मचारीहरू



**श्री विष्णु बहादुर बस्नेत**
व्यवस्थापक



**श्री डिल बहादुर शाही**
सहायक व्यवस्थापक



**श्री अनिता सुवेदी**
ऋण विभाग प्रमुख



**श्री हेमलाल चापागाई**
ऋण अधिकृत



**श्री सपना सिल्वाल**
लेखा विभाग प्रमुख



**श्री मनिषा सुवेदी**
एकता महिला सेवा केन्द्र प्रमुख



**श्री सत्या श्रेष्ठ**
जिमिरेभार सेवा केन्द्र प्रमुख



**श्री आरती राना**
पञ्चनगर सेवा केन्द्र प्रमुख



**श्री श्रृजना आचार्य**
नि. भटौलिया सेवा केन्द्र प्रमुख



**श्री यम कुमारी राना**
कार्यालय सहायक



**श्री खेमकुमारी कण्डेल**
कनिष्ठ सहायक



**श्री सन्सरी गुरुङ्ग**
कनिष्ठ सहायक



**श्री चन्द्रकला पाण्डे**
बजार सहायक



**श्री जानुका गैरे**
बजार सहायक



**श्री भिमा सुवेदी पाठक**
बजार सहायक



**श्री दिक्षा घिताङ्ग सार्की**
कनिष्ठ सहायक



**श्री रुपा गिरि**
कनिष्ठ सहायक



**श्री इन्द्रावती गुरुङ्ग**
कार्यालय सहयोगी



**श्री विनिता न्यौपाने**
कार्यालय सहयोगी

## स-सानो बचतको महत्व:

| बचतदर मासिक | १५ वर्षमा हुने बचत | २० वर्षमा हुने बचत | २५ वर्षमा हुने बचत | ३० वर्षमा हुने बचत | ४० वर्षमा हुने बचत |
|---|---|---|---|---|---|
| २०० | ७३,१६२/- | १,२७,५९७/- | २११८०२/- | ३,४२,२३७/- | ८,५८,१९३/- |
| ५०० | १,८२,९०६/- | ३,१८,९९४/- | ५२९५०६/- | ८,५५,५९४/- | २१,४५,४८५/- |
| १००० | ३,६५,८१२/- | ६,३७,९८८/- | १०,५९,०१२/- | १७,११,१८८/- | ४२,९८,९७०/- |
| २००० | ७,३१,६२४/- | १२,७५,९६४/- | २१,१८,०२४/- | ३४,२२,३७३/- | ८५,८१,९४०/- |
| ३००० | १०,९७,४३६/- | १९,१३,९६४/- | ३१,७७,०३६/- | ५१,३३,५६४/- | १,२८,९२,९१०/- |
| ५००० | १८,२९,०६०/- | ३१,८९,९४०/- | ४२,९५,०६०/- | ८५,५५,९४०/- | २,१४,५४,८५०/- |

नोट: माथिको बचतमा ब्याजदर ९% का दरले गणना गरिएको छ तर समय सापेक्ष अनुसार ब्याजदरमा परिवर्तन भए बचतमा पनि परिवर्तन हुनेछ ।

### हाम्रो सुपर साकोसका रेमिटान्स सेवाहरू:

### बिल भुक्तानी सेवाहरू:

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | संस्थाको संक्षिप्त परिचय | २ |
| २. | केन्द्रीय संघको शुभकामना | ३ |
| ३. | सञ्चालक समिति, लेखा समिति, उपसमितिको विवरण | ४–७ |
| ४. | अध्यक्षको शुभकामना | ८–१० |
| ५. | सचिवको प्रतिवेदन | ११–२५ |
| ६. | कोषाध्यक्षको प्रतिवेदन | २६–३० |
| ७. | ऋण उपसमिति संयोजकको प्रतिवेदन | ३१–३२ |
| ८. | शिक्षा उपसमिति संयोजकको प्रतिवेदन | ३३ |
| ९. | लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | ३४–३९ |
| १०. | बाह्य लेखापरीक्षकको प्रतिवेदन | ४०–६९ |

# संस्थाको संक्षिप्त परिचय

| | |
|---|---|
| नाम | : हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लि. |
| ठेगाना | : बर्दघाट नगरपालिका वडा नं.-२, चिसापानी |
| संस्था दर्ता नं. | : ४३५, ०६७/०६८ |
| संस्था दर्ता मिति | : २०६७/१०/०२ |
| पान नं. | : ३०४४१८८२० |
| सदस्य संख्या | : ५४०१ जना, महिला ३३६५, पुरुष २०३१, बाल बचतकर्ता : १०९९ जना, अन्य ५ |
| कार्यक्षेत्र | : बर्दघाट नगरपालिका, रामग्राम नगरपालिका, सरावल गाउँपालिका र प्रतापपुर गाउँपालिकाको सबै बडाहरु |
| शेयर पूँजि | : ३,०९,६४,९००.०० |
| बचत | : ३०,८५,३४,५३८.२१ |
| ऋण लगानी | : २९,०५,२८,४६५.९४ |
| जगेडाकोष | : १,७८,५२,६९४.१४ |
| कुल सम्पत्ती | : ३८,३६,२१,०२३.०६ |

**आवद्धता संस्थाहरू :**

१- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. काठमाण्डौं

२- नवलपरासी जिल्ला बचत तथा ऋण सहकारी संघ लि. नवलपरासी

३- जिल्ला सहकारी संघ लि. परासी, नवलपरासी

४- राष्ट्रिय सहकारी बैंक लि. काठमाण्डौ

## परिकल्पना (Vision)

**"समुदायको पहिलो रोजाईको सुशासनयुक्त वित्तिय सहकारी"**

## ध्येय (Mision)

**गुणस्तरीय सर्वसुलभ प्रविधिमैत्री, वित्तिय सेवा मार्फत सदस्यहरुको उद्यमशीलता सहितको समुन्ती,**

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

एउटै अभियानः एउटै आवाज, सुरक्षित साकोसः समुन्नत समाज

नेफस्कून
आवद्धता

# नेफस्कून
## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.



श्री अध्यक्षज्यू
हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लि.
बर्दघाट न.पा. -२, चिसापानी,
नवलपरासी ।

## शुभकामना

यस संघमा आबद्ध **हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लि.** को १४औं वार्षिक साधारणसभाको अवसरमा प्रकाशित **"वार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको १४औं वार्षिक साधारणसभाबाट सदस्य र समुदायमा उद्यमशिलता विकास तथा व्यवसाय पुनरुत्थान मार्फत सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक शुभकामना ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "स्वस्थ र सुरक्षित साकोसहरुको जवाफदेही एकीकृत सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८१/०७/१२

चन्द्र प्रसाद ढकाल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७९०२०१,
४७९३०७१, ४७९४५६९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

# हाम्रो सुपर सकोसका लेखापरीक्षक एवम् उपसमितिको नामावली

| लेखापरिक्षक : |
|---|
| सि.ए. श्री संगम ज्ञवाली (के.बि.जी एण्ड एसोसियट) |

| सम्पत्ती समान खरिद तथा व्यवस्थापन उप–समिति | जोखिम सुपरिवेक्षण उप–समिति | नीति निर्माण उप–समिति |
|---|---|---|
| संयोजक : श्री रुक्मागत पाण्डे | संयोजक : श्री विष्णु प्रसाद बराल | संयोजक : श्री विष्णु प्रसाद बराल |
| सदस्य : श्री टेकनाथ अर्याल | सदस्य : श्री रुक्मागत पाण्डे | सदस्य : श्री आत्माराम भट्टराई |
| सदस्य : श्री विष्णु बहादुर बस्नेत | सदस्य : श्री तिल कुमारी श्रेष्ठ | सदस्य : श्री विमल कुमार श्रेष्ठ |
| | | सदस्य : श्री पार्वती भट्टराई |
| | | सदस्य : श्री विष्णु बहादुर बस्नेत |

| पञ्चनगर सेवा केन्द्र : | जिमिरेभार सेवा केन्द्र : |
|---|---|
| संयोजक : श्री विमल कुमार श्रेष्ठ | संयोजक : श्री तिल कुमारी श्रेष्ठ |
| सदस्य : श्री कमला शर्मा चापागाई | सदस्य : श्री चन्द्रा आले |
| सदस्य : श्री इमा कुमारी श्रेष्ठ | सदस्य : श्री सरिता सापकोटा |
| सदस्य : श्री दलविर सुर्यवंशी | सदस्य : श्री दिर्घ प्रसाद घिमिरे |
| सदस्य : श्री जीत बहादुर चौधरी | सदस्य : श्री शोभा मल्ल |

| भटौलिया सेवा केन्द्र : |
|---|
| संयोजक : श्री रुक्मागत पाण्डे |
| सदस्य : श्री सुरज पाण्डे |
| सदस्य : श्री दिपा पौडेल |
| सदस्य : श्री नवराज पहारी |
| सदस्य : श्री दिपक प्रसाद भण्डारी |
| सदस्य : श्री मनोहर रायमाझी |
| सदस्य : श्री जयराम पौडेल |

| एकता महिला सेवा केन्द्र : |
|---|
| संयोजक :- श्री सावित्री दुवाडी |
| सदस्य :- श्री पार्वती अधिकारी |
| सदस्य :- श्री लक्ष्मी थापा |
| सदस्य :- श्री निर्मला वि.क. |
| सदस्य :- श्री रुमा रिजाल |
| सदस्य :- श्री कृष्ण प्रसाद सापकोटा |
| सदस्य :- श्री दिनेश क्षेत्री |

| ऋण उप-समिति | शिक्षा उप-समिति | सहकारी प्रवर्द्धन उप-समिति |
|---|---|---|
| संयोजक : श्री रुक्मागत पाण्डे | संयोजक : श्री आत्माराम भट्टराई | संयोजक : श्री खिमकान्त भट्टराई |
| सदस्य : श्री दिपक प्रसाद भण्डारी | सदस्य : श्री श्रीकला ज्ञवाली | सदस्य : श्री सावित्रि पाण्डे मिश्र |
| सदस्य : श्री माधव अधिकारी | सदस्य : श्री अप्सरा श्रेष्ठ | सदस्य : श्री हिरालाल चौधरी |

| कार्यकारी समिति | प्रोबेशन कार्यदल | ऋण अनुगमन उप-समिति |
|---|---|---|
| संयोजक : श्री खेमराज सुवेदी | संयोजक : श्री विष्णु प्रसाद बराल | संयोजक : श्री टेकनाथ अर्याल |
| सदस्य : श्री सावित्री दुवाडी | सदस्य : श्री विमल श्रेष्ठ | सदस्य : श्री आत्माराम भट्टराई |
| सदस्य : श्री विष्णु प्रसाद बराल | सदस्य : श्री खगीसरा राना | सदस्य : श्री पार्वती भट्टराई |
| सदस्य : श्री रुक्मागत पाण्डे | सदस्य : श्री टेकनाथ अर्याल | |
| सदस्य : श्री विष्णु बहादुर बस्नेत | सदस्य : श्री विष्णु बहादुर बस्नेत | |

# सिस्टर क्लबका शेयर सदस्यहरुको नामावली

| क्र.स | पद | नाम, थर | कार्यालय |
|---|---|---|---|
| १. | संयोजक | गोमा रिमाल | मुख्य कार्यालय |
| २. | संयोजक | माया देवी शर्मा | मुख्य कार्यालय |
| ३. | सदस्य | नम्रता काफ्ले | मुख्य कार्यालय |
| ४. | संयोजक | राधा शर्मा नेपाल | मुख्य कार्यालय |
| ५. | सदस्य | अम्बिका आचार्य | मुख्य कार्यालय |
| ६. | संयोजक | सरिता थापा | मुख्य कार्यालय |
| ७. | सदस्य | बलमाया थापा | मुख्य कार्यालय |
| ८. | सदस्य | सिता पाण्डे बस्याल | मुख्य कार्यालय |
| ९. | सदस्य | दिपा न्यौपाने | मुख्य कार्यालय |
| १०. | संयोजक | मेनुका खरेल | मुख्य कार्यालय |
| ११. | सदस्य | शोभा भट्टराई | मुख्य कार्यालय |
| १२. | सदस्य | विमला पौडेल रेग्मी | मुख्य कार्यालय |
| १३. | संयोजक | लक्ष्मी कुँवर | मुख्य कार्यालय |
| १४. | संयोजक | सिताकुमारी चौधरी थारु | मुख्य कार्यालय |
| १५. | सदस्य | सुनिताचौधरी | मुख्य कार्यालय |
| १६. | संयोजक | कृष्ण कुमारी मिश्र | मुख्य कार्यालय |
| १७. | सदस्य | रेनु मिश्र | मुख्य कार्यालय |
| १८. | संयोजक | टिकादेवी पौडेल | पंचनगर सेवा केन्द्र |
| १९. | सदस्य | शान्ति श्रेष्ठ | पंचनगर सेवा केन्द्र |
| २०. | सदस्य | धनिसरा दर्लामी | पंचनगर सेवा केन्द्र |
| २१. | सदस्य | लक्ष्मी बा-हघरे | पंचनगर सेवा केन्द्र |
| २२. | सदस्य | अन्जु घिमिरे | पंचनगर सेवा केन्द्र |
| २३. | संयोजक | कमला लोहनी | भटौलिया सेवा केन्द्र |
| २४. | सदस्य | लक्ष्मी उपाध्याय | भटौलिया सेवा केन्द्र |
| २५. | संयोजक | मिना ढकाल | जिमिरेभार सेवा केन्द्र |
| २६. | सदस्य | चन्द्रा कुमारी गुरुङ | जिमिरेभार सेवा केन्द्र |
| २७. | सदस्य | गंगा थापा मगर राना | जिमिरेभार सेवा केन्द्र |

| | | | |
|---|---|---|---|
| २८ | सदस्य | सरस्वती घिमिरे | जिमिरेभार सेवा केन्द्र |
| २९. | संयोजक | तिल कुमारी न्यौपाने | एकता महिला सेवा केन्द्र |
| ३०. | सदस्य | लक्ष्मी थापा (बि) | एकता महिला सेवा केन्द्र |
| ३१. | सदस्य | सन्जु जि.सी | एकता महिला सेवा केन्द्र |
| ३२. | सदस्य | राधा पौडेल | एकता महिला सेवा केन्द्र |
| ३३. | सदस्य | रुम कला चापागाई | एकता महिला सेवा केन्द्र |
| ३४. | सदस्य | सरस्वती अधिकारी | एकता महिला सेवा केन्द्र |
| ३५. | सदस्य | आशा कुमारी गुरुङ | एकता महिला सेवा केन्द्र |

**नियमति बचत सम्बन्धी अत्यन्त जरुरी सूचना :**

आदरणीय शेयर सदस्य ज्यूहरु नमस्कार, नियमित बचत संस्था र सदस्य दुबैको लागि अत्यन्त महत्वपूर्ण कुरा, संस्थाको दिगोपना र सदस्यहरुको आर्थिक सुनिश्चिताको आधार नै नियमित बचत हो, आज नियमितरुपमा गरेको सानो बचतले पनि भविष्यमा ठूलो रकम बन्न जानेछ। कमाउनु मात्र आम्दानी नभएर जोगाउनु पनि आम्दानी हो भन्ने कुरा हामीले बुझ्नुपर्दछ। सहकारीमा जम्मा गरेको नियमित बचत फिर्ता दिदैन भन्ने भ्रममा नपरौ, संस्थाले यसको समाधान गरिसकेको छ आउनुस हातेमालो गरौ, नियमित बचत गरौ, जीवन समृद्ध बनाऔं।

**नियमति बचत किन ?**

- पूर्ण सुरक्षण राहत सुविधा प्राप्त गर्न
- संरक्षित पूँजि फिर्ताकोषको रकम प्राप्त गर्न
- ऋण सुविधा प्राप्त गर्न
- संस्थाले प्रदान गर्ने अन्य सुविधाहरु प्राप्त गर्नको लागि

# १४औं वार्षिक साधारण सभामा प्रस्तुत अध्यक्षको मन्तव्य



अध्यक्षः खेमराज सुबेदी

हाम्रो सुपर साकोस बर्दघाट-२ चिसापानीको १४ औं वार्षिक साधारण सभाको निमन्त्रणालाई स्वीकार गरि पाल्नुहुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, विभिन्न सहकारीका अध्यक्षज्यू वा प्रतिनिधिज्यू तथा विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरि पाल्नुभएका अतिथिगण, पत्रकार मित्रहरु, यस संस्थाका सल्लाहाकारज्यूहरु पूर्व अध्यक्ष तथा सञ्चालकज्यूहरु विभिन्न ओहोदामा रहेर संस्थाको सञ्चालकको भुमिका निर्वाह गर्ने सञ्चालकज्यूहरु लेखा समिति संयोजक तथा सदस्यज्यूहरु विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, सिस्टर क्लबका सदस्य एवं यस संस्थाको निष्ठावान कर्मचारी मित्रहरु लगायत सम्पूर्ण शेयरधनी महानुभावहरु म मेरो व्यक्तिगत तर्फ र सिङ्गो संस्थाको तर्फबाट हार्दिक स्वागत एवं सहकारीमय अभिवादन टक्राउन चाहन्छु।

आदरणीय शेयरधनी महानुभावहरु

यस संस्थाको ११ औं वार्षिक साधारण सभामा मेरो नेतृत्वको समुह माथी विश्वास गरि जिम्मेवारी प्रदान गर्नुभयो। उक्त जिम्मेवारी हर संभव प्रयास गर्दै संस्थालाई सक्रिय रुपमा अगाडि बढाउन निरन्तर प्रयत्नरत रहेको हार्दिक निवेदन गर्न चाहन्छु। हामीले नेतृत्व लिइरहदा कोभिड-१९ ले विश्वभरी प्रभाव पार्‍यो लगत्तै रुस युक्रेन युद्धले विश्व अर्थतन्त्रमा पारेको प्रभावले समग्र ब्यापार ब्यवसायलाई नै नकारात्मक असर गरेको अवस्थामा यस संस्थालाई सुरक्षित र दिगो संस्थाका रुपमा सञ्चालन गर्न निश्चय नै कठिन थियो। सदस्यहरुको अथाह मायाबाट यस संस्थाले आर्थिक मन्दिको अवस्थासँग जुझ्दै यहाँसम्म आइपुगेकोमा गर्वका साथ सुनाउन पाउँदा हर्षित छु। करीब ४ वर्ष अघि मेरो नेतृत्वमा निर्वाचित समितिले गरेका महत्वपूर्ण कार्यहरु संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु।

१. साविकको एकता महिला साकोससँगको मर्जको कामलाइ पूर्णता दिइ मर्ज घोषणा सभा सम्पन्न।
२. चार वर्षे रणनीतिक योजना निर्माण गरि त्यसैका आधारमा वार्षिक योजना तथा त्रैमासिक समिक्षा गर्ने कार्यको सुरुवात।
३. ऋणको बिमा तथा बिमाका आधारमा कृषि ऋण लगानी।
४. बर्दघाट नगरपालिका मात्र कार्यक्षेत्र भएको अवस्थामा कार्यक्षेत्र थप गरि सरावल, प्रतापपुर र रामग्राम न.पा. कार्यक्षेत्र थप।
५. सामाजिक उत्तरदायित्व अन्तरगत ३ जना विद्यार्थीलाई कक्षा १२ सम्मको अध्ययनको लागि अभिभावकत्व ग्रहण।

६. सहुलियत पूर्ण कृषि ऋण लगानी गर्ने कार्यको सुरुवात।

७. सस्थाबाट प्रतिनिधित्व गर्दै जिल्ला बचत संघ सदस्य, जिल्ला सहकारी संघ सदस्य र नेफस्कुनको अध्यक्षसम्मको नेतृव संस्थाबाट हुनु।

८. सुशासन कार्यक्रम अर्न्तगत प्रोवेशन तथा एक्सेस कार्यक्रममा सहभागी।

९. कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा सहभागी, नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकको ब्यवस्था।

१०. पूर्व सञ्चालकहरुसँग अन्तरक्रिया कार्यक्रमको शुरुवात।

११. कर्मचारीहरुलाइ गोल्डेन हेण्ड चेकको शुरुवात।

१२. कार्यालय ब्यवस्थापन गरी नयाँ भवनमा सर्नेकार्य।

१३. सम्भाब्य उद्यमीको छनोट गर्ने र उनीहरुको आवश्यकता अनुसार ब्यवसायिक योजना बनाउन सहयोग गर्ने र एउटा सफल उद्यमी बनाउने उद्देश्य ले वि. डि. एस कार्यक्रमको शुरुवात।

१४. सि.ए. द्वारा प्रत्येक ३ / ३ महिनामा आन्तरिक तथा वार्षिकरुपमा बाह्य लेखा परीक्षणको व्यवस्था।

१५. पूर्व सञ्चालकहरुको अभिमुखिकार्यत्रक्रमको शुरुवात।

१६. देवदह मेडिकल कलेज अफ रिसर्च सेन्टरसँग स्वास्थ्य सम्झौता।

यस संस्थाका धरोहर आदरणीय शेयर सदस्यज्यूहरु, विगत ३ वर्षदेखिको वित्तिय बजारमा देखिएको नकारात्मक प्रभावका वाबजुत हामीले संस्थाको मात्रात्मक र गुणात्मक बृद्धिमा उल्लेखिय सुधार गर्न सकेका छौं। असहजतालाई अवसरमा परिणत गर्दै अपेक्षित लक्ष्य हासिल गर्न पुगेका छौं। संस्थाले आफ्नो स्थायी सम्पति जोडेर संस्थालाई थप स्थायित्व दिने जमर्को गर्दछौं। त्यसको लागि संघन अध्ययन र तयारीमा समेत लागेर मन्थन गरिरहेका छौ। सबैको एकता र सहयोगबाट यो पुरा हुने अपेक्षा गरिएको छ।

राज्यको तीन खम्बे अर्थनीति अर्न्तगत सहकारी एक खम्बा हो। बचत तथा ऋण सहकारीका कारण बचत गर्ने बानीमा विकास भएको छ। पहिले खर्च गरेर बाँकी रहेको रकम बचत गर्ने हो भन्ने सोच राख्नेहरुमा अहिले चाहि पहिले बचत अनि खर्च भन्ने धारणाको विकास भएको पाइन्छ। धेरै सहकारीमा सदस्य बन्न अनि एक सहकारीको ऋण तिर्न अर्को सहकारीमा ऋण लिने बानी परिर्वतन भई विश्वासिलो तथा प्रोवेशन तथा एक्सेस ब्राण्ड प्राप्त सहकारीमा सदस्य बन्ने प्रबृतिको विकास भएको पाइन्छ। त्यसैकारण सहकारीहरु प्रोवेशन, कर्ब्स जस्ता सुशासनका कार्यक्रममा सहकारीहरु सहभागी भइरहेका छन्।

संस्थाका धरोहर आदरणीय शेयर सदस्यज्यूहरु,

कुनैपनि सहकारीले एउटा गतिमा लक्ष्य प्राप्तिका लागि अगाडि बढ्नका लागि सञ्चालकको एकल प्रयासले मात्रै अपूर्ण हुन्छ जसका लागि सचेत शेयर सदस्य र इमान्दार, मेहनती कर्मचारीको आवश्यकता पर्दछ। जसका लागि शेयर सदस्यले, समयमा बचत बुझाउने, आफूलाई आवश्यक ऋण सहकारीबाटै लिने, समयमै ऋणको व्याज तथा सावाँ बुफाउने, संस्थाको प्रत्येक साधारण सभामा सहभागी हुने संस्थाले उपलब्ध गराएका सेवाहरु उपभोग गर्ने संस्थाले आयोजना गरेका विभिन्न सामाजिक गतिविधिहरुमा सहभागी हुने जस्तै रक्तदान, वृक्षारोपण, सरसफाई आदिमा सहभागी हुने। सहकारीका मूल्य मान्यता सिद्धान्तको जानकारी राख्ने संस्थामा वार्षिक योजना तथा बजेट र रणनैतिक योजना निर्माण भए नभएको, त्रैमासिक समिक्षा हुने नहुने बारे चासो लिने, संस्थाको राम्रो पक्षको प्रचार प्रसार गर्ने संस्थामा देखिएका समस्याको समाधान गर्न सक्रिय सहयोग गर्ने संस्थाको बारे फैलिएका भ्रमहरु निवारणका लागि प्रतिवाद गर्दै निवारण गर्न पहल गर्ने र समय दिन सक्ने वा फूर्सदिलो भए सञ्चालकमा आउन निर्वाचनमा सहभागी भए मात्रै सहकारीको प्रगती सम्भव छ। दैनिक जसो सहकारी ठगीका समाचारहरु आइरहदा विश्वासीलो र सक्षम तथा सुशासनयुक्त समुदायमा आधारित सदस्य केन्द्रित सहकारी छनौट गर्न सक्नु पर्दछ।

अन्त्यमा,

यो संस्थालाई यँहासम्म ल्याई पुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यू, सहकारी आन्दोलनमा ऐक्यबद्धता जनाउने विभिन्न सरोकारवाला निकायहरु, बर्दघाट नगरपालिकाको कार्यालय न.प., नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ नेफ्स्कुन, जिल्ला सहकारी संघ लि, प्रदेश सहकारी संघ लि, संस्थाको उद्देश्य प्राप्तिका लागि निरन्तर सहयोग गर्नुहुने सञ्चालक समिति, लेखा समिति, विभिन्न उपसमितिहरु, सल्लाहाकारज्यूहरु, सिस्टर क्लबका सदस्यहरु, शुभचिन्तकज्यूहरुमा हार्दिक धन्यवाद टक्रयाउन चाहन्छु। संस्थाको उन्नतिका लागि अहोरात्र मिहिनेत गर्नुहुने व्यवस्थापक लगायत सम्पूर्ण कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद। संस्थाको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु।

**खेमराज सुबेदी**
**अध्यक्ष**

# १४औं वार्षिक साधारण सभामा सचिवद्वारा आर्थिक वर्ष २०८०/०८१ को प्रगति विवरण तथा ०८१/८२ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम



सचिव : विष्णुप्रसाद बराल

आदरणीय १४औं साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथीज्यूहरु, अतिथीज्यूहरु सल्लाहाकारज्यूहरु, पत्रकारज्यूहरु, लेखा समितिका पदाधिकारीज्यूहरु, सञ्चालक समितिका सहकर्मी मित्रहरु, विभिन्न सेवा केन्द्रका संयोजक तथा सञ्चालकज्यूहरु, उप समितिहरुका सदस्यज्यूहरु, तथा सिस्टर क्लबका दिदी बहिनीहरु संस्थाका व्यवस्थापक लगाएत सम्पूर्ण कर्मचारीहरु एवं १४औं वार्षिक साधारण सभा सफलता पूर्वक सम्पन्न गर्न पाल्नु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरु र अन्य उपस्थित सम्पूर्ण पाहुनाहरुमा सञ्चालक समिति एवं मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु।

**आदरणीय शेयर सदस्यज्यूहरु**

समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक र प्रयावरणीय विकाशमा सामूहिक जिम्वेवारी र दायित्व बहन गर्ने गठित बचत तथा ऋणको कारोबार गर्ने एकिन गरी समुदायको रकमको जगेर्ना र पूँजी एकत्रित गरी समुदायमा नै परिचालन गर्ने निचोडका साथ स्थापना भएको संस्था जसको सहकारीका नीति सिद्धान्त, राज्यका निर्धारित ऐन कानूनको परिधिभित्र रहेर निर्माण गरिएका विनियम, नीति, कार्यविधि, राखिएका लक्ष्य, उद्देश्य र परिकल्पनाहरुले सहकारीको मर्म, भावना र सुशासनमा चलिरहेकोमा हामीलाई गर्व महसुस भइरहेको छ। यो इतिहासलाई हामी गौरव गर्दछौं। यो परिकल्पनामा योगदान पुऱ्याउनहुने अग्रजहरु तथा सम्पूर्ण शेयर सदस्यहरुलाई सम्झना एवं सम्मान गर्न चाहन्छौं।

सहकारी अभियान विकासवान र सिर्जनशिल अभियान हो। यो मानेमा वैधानीक, जनमुखी बनी अधिकार प्राप्त १४औं वर्षको अन्तरालमा ५४९३ जना शेयर सदस्यहरु हामीसँग आवद्ध हुनुहुन्छ। जसमध्ये ४५०० भन्दा बढी शेयर सदस्यहरुले नियमित बचतको कारोबार गरिरहनु भएको छ। २०७२ को संविधानले अंगीकार गरेका सामाजिक एकताको अर्थतन्त्र, तीन खम्बे अर्थनीतिभित्रको एउटा आधार स्तम्भकोरुपमा समाविष्ट सहकारी क्षेत्र र राज्यले गरेको आर्थिक विकासमा सहकारी क्षेत्रको महत्वपूर्ण सहभागिता तथा योगदानलाई तथ्य फरक बनाउन जारी गरिएको ऐनको मर्म र भावनालाई सम्मान गर्दै थोरै भए पनि यस संस्थाले योगदान पुऱ्याउदै आईरहेको छ। विद्यमान सहकारी २०७४ ऐन मा भएका व्यवस्थाहरुको माध्यमबाट सबैलाई सहकारी मार्फत वित्तीय पहुच, वित्तीय साक्षरता, वित्तीय स्वतन्त्रता, रोजगारी सृजना गरी, उद्यमशिलता विकाश वातावरणीय संरक्षण, सदस्यहरुको सुरक्षा र प्रत्याभुति जस्ता विषय प्राथमिकतामा रहेर जिम्मेवारी पूर्ण कार्य गदै आईरहेको हुँदा यहाँहरुलाई आश्वस्त गराउन चाहन्छौं। सहकारी क्षेत्रले प्राप्त गरेका कानूनी संहिताहरुको सदस्यको हितमा हुनेगरी सृजनात्मक प्रयोग र प्रथामिकतालाई ध्यानाकर्षण

गर्दै राज्यको सहकारी प्रतिको दृष्टीकोण, नियम निकायको प्रतिबद्धता, सहकारी अभियान र ऐक्यबद्धताले प्राप्त उपलब्धिमा साझेदारी गर्दै, अभियानले प्राप्त गरेका उचाईमा हाम्रो पनि योगदान रहेको स्मरण गराउन चाहन्छौं। अर्थिक सामाजिक क्षेत्रमा नीति विधि प्रविधिको नेतृत्व गर्दै छाता संघ, संगठन, विषयगत केन्द्रिय संघसँगको सहकार्य अनुभवलाई साटासाट गर्दै संस्था र शेयर सदस्यहरुको समग्र विकासलाई स्तरियत, प्राविधिक, सक्षमता, अनुशासित र मर्यादित सहकारीको संस्कृति सिकाउन निरन्तर लागि परिरहेका छौं। सुरुका दिनहरुदेखि आजसम्म सहकारी मार्ग निर्देशन सिद्धान्तलाई आत्मसाथ गदै कठिन भन्दा कठिन परिस्थितीमा पनि संस्था र शेयर सदस्यहरुको हित अनुकुल नीति निर्माण, विनियम संसोधन गर्दै पर्ल्स अनुगमन प्रणाली मार्फत बचत तथा ऋण सहकारीको वित्तीय अवस्था, आत्मनिर्भरता, दिगोपन सुशासनमा हामी र हाम्रो भूमिका एवं जिम्मेवारी विषयमा बेला बेलामा बहस र छलफल एवं लेखा व्यवस्थापन मार्फत दैनिक सञ्चालनमा चुस्त दुरुस्तता कायम, स्तरिय मापनलाई अनुगमन, प्राप्त ब्रान्डको निरन्तरता थप उपलब्धीलाई आवश्यक मापदण्डको निर्माण, कार्यन्वयन तथा परीक्षणमा परिणाममुखी बनाउदै सुरक्षित संस्था र जिम्मेवारी शेयर सदस्य बनाउने लक्ष्य लिएका छौं।

**आदरणिय शेयर सदस्यज्यूहरु**

अबको संस्थाको दिशा, दृष्टी र गति भनेको सञ्जाल निर्माण तथा व्यवस्थापन रणनीति मार्फत शेयर सदस्यहरुलाई वित्तीयरुपमा आत्मनिर्भर गराउने, नीति, विधि प्रविधिलाई सिकाईको रुपमा व्यवस्थापन गर्ने मूलमर्मका साथ अगाडी बढेका छौं। फलस्वरुप व्यवसाय गर्ने, कृषिमा काम गर्ने, व्यापार गर्ने, स्वरोजगार बन्न चाहने, उद्यमी बन्न चाहने र नेपालमा नै बसेर केही गर्छु भन्ने भावनाको पहिचान र सम्मान गर्दै भिन्न-भिन्न तरिकाबाट मूल्याङ्कन गरि सहुलियत दरमा ऋण प्रदान गर्ने विधि नीति, दुरगामी रणनीति योजना निर्माण गरि अघि बढ्नुका साथै सेवाकेन्द्र, मुख्य कार्यलय स्तरिय, छलफल गोष्ठी, गुनासो सुनुवाई, नेतृत्व विकास जस्ता कार्यक्रम सञ्चालन गरिदै लगिएको यहाँहरुलाई जानकारी गराउँदछौं।

१. नीतिगत बहस र पैरवी
२. शेयर सदस्यसँग सम्बन्ध बिस्तार
३. उत्पादनमा साझेदारी
४. सदस्य सेवा तथा समस्या सामाधान
५. दिगोपनको लागि संरचना निर्माण
६. प्रविधिको प्रयोग

**प्रगति समिक्षा :-**

आदरणीय शेयर सदस्यज्यूहरु, अब म गत आ.व. मा प्रस्तावित र गत साधारण सभाबाट पारित भएका वार्षिक नीति तथा कार्यक्रममा के कति उपलब्धीहरु हासिल भए भन्ने बारेमा प्रगति समिक्षा यहाँहरु माझ प्रस्तुत गर्न चाहन्छु।

- **सदस्यता वृद्धि :-**

  गत आ.व. मा यस संस्थाको शेयर सदस्य ५२०० जनाबाट २०१ जना थप गरी यस वर्षको आ.व. मा ५४०१ जना शेयर सदस्य पुऱ्याउन सफल भएका छौं, भने २०८१ असोजसम्म ५४५० जना शेयर सदस्य पुऱ्याउन सफल भएको छौं।

➢ **बचत तथा ऋण लगानी र शेयर बृद्धि :-**

गत आ.व. मा यस संस्थाको बचत रु. २४,२७,०७,५२१.३५ मा रु.६,५८,२६,९४२.९३ बचतमा वृद्धि भई जम्मा बचत रु.३०८,५३४,४६४.२८ बनाउन सफल भयौं र गत आ. व. मा ऋण लगानी रकम रु. २५,४३,९१,७०२.७७ मा रु.३,६७,३६,७६३.१७ ऋण लगानी वृद्धि भई यस वर्ष जम्मा ऋण लगानी रु. २९,०५,२८,४६५.९४ गर्न सफल भयौं। भने शेयर रकम रु. ३,०९,६४,१०० पुऱ्याउन सफल भयौं।

➢ **सदस्य शिक्षा, तालिम, भ्रमण :-**

सदस्यहरुलाई सहकारीको जानकारी गराउन र सहकारीको महत्व र आवश्यकताको बारेमा जानकारी गराउनको लागि ९ ओटा सहकारी शिक्षा तालिम र ४ वटा गोष्ठी कार्यक्रम सम्पन्न भएको कुरा जानकारी गराउदछौं।

➢ **सदस्य सुरक्षण राहत एंव सदस्य प्रोत्साहन :-**

साना-साना बाल बालिकाहरुलाई बचत गर्ने बानीको विकास गर्न र भविष्यमा उनीहरुको उच्च शिक्षा तथा विवाह लगायतका कार्यका लागि केहि राहत होस् भन्ने उद्देश्यका साथ अभिभावकको संरक्षकत्वमा सञ्चालन गरिएको बाल बचत कार्यक्रम अन्तर्गत मासिक न्यूनतम रु. १,०००। जम्मा गर्ने बाल बचत कर्ताहरुको नियमिततालाई हेरी शुभकामना स्वरुपमा प्रदान गरिने जन्मदिनको केक उपहार खर्च र शेयर सदस्यहरुले सुरक्षण राहतमा गरेको योगदान र नियमिति बचतको आधारमा र सुरक्षण राहत आन्तरिक कार्यविधिको आधारमा सदस्यहरुलाई विभिन्न विद्यामा प्रदान गरेको सेवा सुविधाहरु जस्तै सुत्केरी पोषण खर्च र सदस्यहरुको मृत्युको समयमा उनीहरुको परिवारलाई राहत स्वरुप प्रदान गरिएको विवरणहरु यस प्रकार रहेकाछन।

**विवरण**

| क्र.सं. | विवरण | लाभवान्तित सदस्य संख्या | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सुत्केरी पोषण | ३२ | ४१५०० | |
| २ | सदस्य मृत्यु राहत | ९ | ३५००० | |
| ३ | बाल बचतकर्ता प्रवर्धन (केक वितरण ) | १२५ | ७४५०० | |
| ४ | औषधी उपचार राहत | २ | २०००० | |
| ४ | जम्मा | १६८ | १७१,००० | |

## २०८० श्रावणदेखि २०८१ असारसम्मको सञ्चालक समितिको बैठकको महत्वपूर्ण निर्णयहरु :-

**१९० औं २०८० श्रावण १० गते**

➢ यस संस्थाको आ.व. २०८०/०८१ को लागि वाहय लेखा परीक्षणको लागि कोटेशन आव्हान गर्ने निर्णय गरियो।

**१९१ औं २०८० भदौ ७ गते**

- **निर्णय–३:** प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस संस्थाको १६ औं वार्षिक साधरण सभा मिति, समय र स्थान निर्धारण निर्णय गरियो।
- **निर्णय–५:** प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस संस्थाको परीक्षणकालमा कार्यरत कर्मचारी हेमलाल चापागाईलाई २०८० साल भाद्र ८ गतेबाट लागुहुने गरि पाचौं तह ऋण सहायक पदमा अस्थायी नियुक्ती गर्ने निर्णय गरियो।

**१९२ औं २०८० भदौ १८ गते**

- साधारण सभाको पूर्व तयारी र जिम्मेवारी बाँडफाँड सम्बन्धमा।

**१९३ औं २०८० असोज ७ गते**

- **निर्णय–५:** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस संस्थाको सूरक्षण राहात वितरण आन्तरिक कार्यविधि संसोधनको लागि आगामी साधारण सभामा पेश गर्ने निर्णय गरियो।
- **निर्णय–५** : प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस संस्थाको आ.व. २०७९/२०८० को संस्थाको वार्षिक लेखापरिक्षण सि.ए. श्री संगम ज्ञवालीज्यूले गर्नु भएको वार्षिक लेखा परिक्षण तथा उहाँले दिनुभएको लेखा टिप्पणीहरु र राय सल्लाह सुझावहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।
- **निर्णय–६** : प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस संस्थाको गत साधारण सभाको निर्णयानुसार संस्थाको आन्तरिक लेखापरिक्षण गर्ने निर्णयानुसार आब्हान गरिएको कोटेशनमा आशय पेश गर्ने फर्म मध्येबाट ज्ञवाली एण्ड एसोसिएट सि.ए. दिपक ज्ञवालीज्यूलाई आ.व. २०८०/२०८१ को लागि आन्तरिक लेखा परिक्षण गर्न स्वीकृती दिने निर्णय गरियो।

**१९४ औं २०८० कार्तिक १७ गते**

- **निर्णय–३** : प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस संस्थाको ऋण परिचालन व्यवस्थापन कार्यविधि २०७६ को परिच्छेद २ को दफा ४ को व्यवस्थानुसार ऋणको सिमा र अवधि तपशिल बमोजिम गर्ने निर्णय गरियो।

**तपशिल :**

- ऋणको सिमा अधिकतम ३५ लाख।
- ऋणको समयावधी सदस्यको आम्दानी र तिर्न सक्ने क्षमतानुसार धितो ऋणमा अधिकतम १० वर्ष निर्धारण गरिनेछ।
- बिना धितोको ऋणमा अधिकतम २ वर्षको हुनेछ।

**१९५ औं २०८० मंसिर ९ गते**

- **निर्णय–३ :** प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस संस्थाको मुख्य कार्यालयको कार्यालयको व्यवस्थापन सम्बन्धमा एक कार्यदल निर्माण गर्ने निर्णय गरियो ।

  **तपशिल :**

  संयोजक : श्री विष्णु प्रसाद बराल
  सदस्य : श्री रुक्मागत पाण्डे
  सदस्य : श्री माया देवी पौडेल

- **निर्णय–४ :** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस संस्थाको उपसमिति मनोनयन गर्नको लागि आव्हान गर्ने निर्णय गरियो ।
- **निर्णय–५ :** प्रस्ताव नं. ५ उपर छलफल गर्दा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. को ३२ औं वार्षिक साधारण सभाको लागि यस संस्थाका सल्लाहकार श्री चन्द्र प्रसाद ढकालज्यूलाई र राष्ट्रिय सहकारी बैंक लि. को २० औं वार्षिक साधारण सभाको लागि यस संस्थाका अध्यक्ष श्री खेमराज सुवेदीज्यूलाई साधारण सभाले दिएको प्रत्याजित अधिकार अनुसार प्रतिनिधि पठाउने निर्णय गरियो ।
- **निर्णय–६ :** प्रस्ताव नं. ६ उपर छलफल गर्दा लुम्बिनी क्लष्टर दोस्रोको २०औं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला गोष्ठी यहि मिति २०८० मंसिर २३ गते बर्दघाट २ लण्डनव्रिजमा अवस्थित कान्तिपुर रेष्टुरेण्टमा आयोजना गर्ने निर्णय गरियो ।

**१९६ औं २०८० पौष १४ गते**

- **निर्णय–३ :** प्रस्ताव नं. ३ उपर छलफल गर्दा नेफ्स्कुनको ३२औं वार्षिक साधारणबाट यस संस्थाको सल्लाहकार श्री चन्द्र प्रसाद ढकालज्यू अध्यक्ष पदमा निर्वाचित हुनुभएको उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना र अभिनन्दन कार्यक्रम सम्पन्न गरियो साथै यस संस्था र देवदह मेडिकल कलेज देवदह बिच यस संस्थाका शेयर सदस्यहरुलाई स्वास्थ्य क्षेत्रमा सहुलियत प्रदान गर्न आपसी समझदारी पत्रमा हस्ताक्षर गर्ने कार्यक्रम सम्पन्न भएकोमा देवदह मेडिकल कलेजलाई धन्यवाद दिने निर्णय गरियो ।
- **निर्णय–५ :** प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस संस्थाको मिति २०८० माघ २ गते पर्ने १३ औं स्थापना दिवसको अवसरमा यस संस्थाको शेयर सदस्यहरुलाई सहुलियत ऋण उपलब्ध गराउने सो कार्यको लागि कार्यविधि बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।
- **निर्णय–७ :** प्रस्ताव नं. ७ उपर छलफल गर्दा जिल्ला सहकारी संघ लि. को ४२ औं वार्षिक साधारण सभाको लागि साधारण सभाको अख्तियारी अनुसार यस संस्थाको सल्लाहकार श्री दिल कुमारी कुँवरज्यूलाई प्रतिनिधि पठाउने निर्णय गरियो ।

**१९७ औ २०८० माघ १३ गते**

- **निर्णय–३** : प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस संस्थाको १६ औं वार्षिक साधारण सभाबाट सञ्चालक समितिलाई दिइएको अख्तियारी अनुसार सहकारी अभियानलाई मजबुत र सफल बनाउनको लागि तपशिल बमोजिम ५ सदस्यीय १ कार्यदल बनाउने र ऋण अनुगमनलाई प्रभावकारी बनाउन ३ सदस्यीय ऋण अनुगमन उपसमिति बनाउने निर्णय गरियो।

  **तपशिल :**

  **मर्ज कार्यदल उप समिति**

  | | |
  |---|---|
  | संयोजक | : श्री विष्णु प्रसाद बराल |
  | सदस्य | : श्री रुक्मागत पाण्डे |
  | सदस्य | : श्री मायादेवी पौडेल |
  | सदस्य | : श्री दिल कुमारी कुँवर |
  | सदस्य | : श्री विमल कुमार श्रेष्ठ |

  **ऋण अनुगमन समिति**

  | | |
  |---|---|
  | संयोजक | : श्री विष्णु प्रसाद बराल |
  | सदस्य | : श्री खगीसरा राना |
  | सदस्य सचिव | : श्री ऋण विभाग प्रमुख |

- **निर्णय–७** : प्रस्ताव नं. ७ उपर छलफल गर्दा वर्तमान वित्तीय सङकट र व्यवसाय संकचनको कारणले गर्दा सदस्यलाई परेको समस्यालाई मध्यनजर गरि फाल्गुन ३० गतेसम्म लागु हुने गरि पाकेको हर्जनामा १० प्रतिशत छुट दिने निर्णय गरियो।

**१९८ औँ २०८० माघ २५ गते**

- संस्था एकिकरण सम्बन्धमा।

**१९९ औ २०८० फागुन १४ गते**

- **निर्णय–३** : प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस संस्थाको २०८१ सालको वार्षिक क्यालेण्डर भित्तेपात्रो ३३०० प्रति र १०० प्रति टेबल क्यालेण्डर कोटेशन मार्फत छपाई गर्ने निर्णय गरियो।
- **निर्णय–४** : प्रस्ताव नं. ७ उपर छलफल गर्दा वर्तमान वित्तीय सङ्कट र व्यवसाय संकचनको कारणले गर्दा सदस्यलाई परेको समस्यालाई मध्यनजर गरि चैत्र मसान्तसम्म पाकेको व्याजमा पूर्ण भूक्तानी गरेमा पाकेको हर्जनामा १०० प्रतिशत छुट र पाकेको सम्पूर्ण किस्ता भूक्तानी गरेमा पाकेको व्याजमा ५ प्रतिशत छुट दिने निर्णय गरियो।

**२०० औं २०८० चैत्र १४ गते**

- **निर्णय–३ :** प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस संस्थाको धितो मूल्याङ्कन नीति तथा सहकारी विभागको निर्देशन र अनुगमनको सुझावलाई आत्मसात गरि रु. १० लाखभन्दा माथिको धितो मूल्याङ्कन गर्नको लागि तपशिल बमोजिमको फर्म तथा कम्पनीलाई छनोट, नविकरण र खारेजी गर्ने निर्णय गरियो। यस अघि सूचिकृत गरि कार्य नगर्ने फर्मलाई खारेज गर्ने निर्णय गरियो।

**तपशिल :**

| क्र.स. | फर्मको नाम | प्रोपोराइटरको नाम | कैफियत |
|---|---|---|---|
| १ | एभरेष्ट आर्चिटेक ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | यज्ञ प्रसाद पौडेल | खारेजी |
| २ | ग्रिन ईन्जिनियरिङ्ग कन्सर्न प्रा.लि. | छविलाल ढकाल | नविकरण |
| ३ | तिरुपती मल्टीकन्सल्ट ईन्जिनियरिङ्ग सर्भिस प्रा.लि. | विजय अधिकारी | खारेजी |
| ४ | डि एण्ड वि ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | टोल प्रसाद कानुमगर | नविकरण |
| ५ | ड्रिम भिजन इन्जिनियरिङ्ग कन्सल्टेन्सी | सन्देश भण्डारी | छनोट |

- **निर्णय–४ :** प्रस्ताव नं. ४ उपर छलफल गर्दा संस्थामा ऋण लगानी प्रक्रियालाई सहज र व्यवस्थित बनाउनको कागजपत्र व्यवस्थापन प्रविधि सञ्चालन गरेको आकाश डिजिटल पेमेन्ट प्रा.लि. सहकार्य गर्ने निर्णय गरियो।
- **निर्णय–६ :** प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस संस्था र नेफ्स्कुनको सहजीकरण र USAID को प्राविधिक सहयोगमा सञ्चालित व्यवसाय विकास सेवा डेस्क कार्यक्रम सञ्चालनको लागि यस संस्थाका कर्मचारी ऋण विभाग प्रमुख श्री अनिता सुवेदीज्यूलाई व्यवसाय विकास सेवा परामर्शकर्ता नियुक्ती गर्ने निर्णय गरियो।
- **निर्णय–७ :** प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस संस्थाको साविक हव को अपरेटिभ लि. हाल प्रभु को अपरेटिभ लि. मा रहेको रु.१०० का दरले १००० कित्ताको रु. १,००,०००/- अक्षरेपी रु. एक लाख शेयर फिर्ता गर्ने निर्णय गरियो।
- **निर्णय–८ :** प्रस्ताव नं. ८ उपर छलफल गर्दा ६७ औं सहकारी दिवस उपलक्ष्यमा मिति २०८० चैत्र २० खुल्ला रक्तदान कार्यक्रम गर्ने निर्णय गरियो।
- **निर्णय–९ :** प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस संस्थाको मुख्य कार्यालयको लागि मापदण्ड निर्धारण गरि घर वाहलको लागि आशयपत्र निष्काशन गर्ने निर्णय गरियो।
- **निर्णय–१० :** प्रस्ताव नं. १० उपर छलफल गर्दा यस संस्थाले २०८१ सालको क्यालेण्डर छपाईको लागि मिति २०८० फाल्गुन ३० गने प्रकाशन गरेको कोटेशन मध्ये कोटेशन आव्हान गर्ने तपशिल फर्महरु मध्ये सबैभन्दा न्यून रकम राखि कोटेशन आव्हान गर्ने बुद्ध अफसेट प्रेस सुनवललाई छपाईको दिने निर्णय गरियो।

तपशिल :

| फर्मको नाम | भित्ते पात्रो दररेट | टेवल पात्रो दररेट | कैफियत |
|---|---|---|---|
| मल्टीकलर प्रिन्टर्स प्रा.लि. | २६/- | १२५/- | |
| सिद्धी विनायक ट्रेड लिङ्क प्रा.लि. | २३/- | २००/- | |
| बुद्ध अफसेट प्रेस | २१.४७/- | १२४.३/- | छनोट |
| न्यौपाने प्रिन्टर्स एण्ड स्टेशनर्स | २३/- | १२५/- | |
| मुनाल अफसेट प्रेस | २२.५/- | १३०/- | |

**२०१ औँ २०८० चैत्र ८ गते**

- **निर्णय–३** : प्रस्ताव नं. ३ उपर छलफल गर्दा बंगलादेशले आयोजना गरेको CCULB Exposure Visit कार्यक्रममा यस संस्थाका अध्यक्ष श्री खेमराज सुवेदीज्यूलाई संस्थाले यातायात खर्चको व्यायभार मात्र व्यहोर्ने गरि पठाउने निर्णय गरियो।
- **निर्णय–४** : प्रस्ताव नं. ४ उपर छलफल गर्दा नेफ्स्कुनले आयोजना गरेको लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठिमा यस संस्थाका लेखा संयोजक श्री कमल प्रसाद चापागाईज्यूलाई तालिममा पठाउने निर्णय गरियो।

**२०२ औँ २०८१ बैशाख १४ गते**

- **निर्णय–१**: प्रस्ताव नं. १ उपर छलफल गर्दा यस संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत रहेको कार्यक्रम बर्दघाट न.पा. वडा २ को मिति २०८१ बैशाख २ गतेको निर्णयानुसार स्वास्थ्य शिविर कार्यक्रम यस संस्थासँगको साझेदारीमा गर्ने भनिएको निर्णयानुसार यस संस्थाले पाठेघर क्यान्सरको पूर्व परिक्षण (Papanicolaou Samear Test (Pap Test ) कार्यक्रम वडासँगको साझेदारीमा आमवासमा सञ्चालन गर्ने निर्णय गरियो।

**२०३ औ २०८१ जेठ १५ गते**

- **निर्णय–४** : प्रस्ताव नं. ४ उपर छलफल गर्दा नेफ्स्कुनले सञ्चालन गरेको व्यवसाय विकास कार्यक्रम सञ्चालन गर्ने (BDS) र सो को लागि एकबटा ऋण विभागमा डेस्क स्थापन गर्ने तथा कृषि र पर्यटन सम्बन्धी ऋण आन्तरिक कार्यविधिमा नयाँ प्रोडक्टको निर्माण गर्ने निर्णय गरियो।
- **निर्णय–५** : प्रस्ताव नं. ५ उपर छलफल गर्दा वर्तमान परिवेश र अवस्थाको कारणले शेयर सदस्यहरुको आम्दानी तथा व्यवसायमा भएको मन्दी तथा सङ्कुचनलाई ध्यानमा राखी सदस्यहरुलाई राहत तथा सहजताको लागि तपशिल बमोजिम व्याज तथा हर्जनामा छुट दिने निर्णय गरियो।

**तपशिल :**

| मिति तथा समय | हर्जनामा छुट | व्याजमा छुट |
|---|---|---|
| मिति २०८१ असार १५ गतेसम्ममा त्यस समयसम्म बुझाउनुपर्ने साँवा, व्याज तथा हर्जना बुझाएमा | १०० प्रतिशत छुट | पाकेको व्याजमा ३ प्रतिशत छुट |
| मिति २०८१ असार मसान्तसम्ममा त्यस समयसम्म बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना बुझाएमा | १० प्रतिशत छुट | छुट हुनेछैन |

- **निर्णय–६ :** प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस संस्थाको कार्यालय परियोजनको लागि खरिद गरिएको मोवाइल पि.ओ.एस. मेसिन खरिद कोटेशनको मूल्यमा खरिद रु. २६,०००/- अक्षरेपी रु. छब्बिस हजार प्रति गोटाको दरले ४ वटा सम्पत्ती खरिद उपसमितिको निर्णयानुसार खरिद गरिएकोले कुल जम्मा रकम रु. १,०४,०००/- अक्षरेपी एकलाख चार हजारमा खरिद गरिएकोले अनुमोदनको गर्ने निर्णय गरियो ।
- **निर्णय–७ :** प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस संस्थाको सुरक्षण राहत वितरण आन्तरिक कार्यविधि-२०७५ मा समय सापेक्ष संसोधन गर्नुपर्ने भएकोले परिच्छेद १ को दफा ४ को बुँदा नं. ४ मा प्राणघातक रोग लागेमा रु. १०,०००/- दिने व्यवस्थालाई रु. ५,०००/- संसोधन गर्ने निर्णय गरियो ।
- **निर्णय–८ :** प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस संस्थाको ऋण असुली तथा धितो लिलाम आन्तरिक कार्यविधि २०७९ को व्यवस्थानुसार आवश्यक प्रक्रिया र सूचना प्रकाशित गर्दा पनि ऋण तिर्न अटेर गर्ने शेयर सदस्यहरुको धितो लिलाम बढाबढ प्रक्रिया मिति २०८१ जेठ ७ गते सम्पन्न गर्दा धितो लिलाम सकार नभएका तपशिल बमोजिमको धितोहरुलाई ऋण असुली तथा धितो लिलाम उपसमितिले मिति २०८१/२/७ गते बसेको निर्णयलाई सदर गरि संस्थाको नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनको लागि यस संस्थाका कोषाध्यक्ष श्री रुक्मागत पाण्डे अख्तियारी दिने निर्णय गरियो ।

**तपशिल**

| लिलाम हुने घर/जग्गा/धितोको विवरण र न्यूनतम मूल्यः | | | | | | | लिलाम बढाबढ |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जग्गा/धितो धनीको नाम | घर/जग्गा/धितोको विवरण | | | | | हुने घर/जग्गाको |
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | नक्सा सि नं/कि.नं. | क्षेत्रफल | न्यूनतम मूल्य/पञ्चकृत मूल्य |
| ३. | बिष्णु प्रसाद न्यौपाने | नवलपरासी | बर्दघाट | १५ | ७ ख/६७७ | ०-०-१०-० | ८,२५०००। |
| ४. | शुशिला बराली | नवलपरासी | बर्दघाट | ८ | १ क/८०९ | ०-०-९-३ | १४,२००००। |
| ५. | नर बहादुर घर्ति | नवलपरासी | बर्दघाट | १६ | गाडी | गाडी नं: LU3CHA5174 मोडल: TATA TIGOR RTXE2021BS4 | १९,६४,०००। |

- **निर्णय-९ :** प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस संस्थाको कार्यालय व्यवस्थापन कार्यदलको मिति २०८१ जेठ १४ गते बसेको बैठकको निर्णयानुसार यस संस्थाले आब्हान गरेको घर बहाल लिने सम्बन्धमा गरेको कोटेशन उपर छलफल गरि तपशिल बमोजिमको घर बहाल लिने भनि गरिएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**तपशिल :**

| क्र.स. | घरधनी नाम | क्षेत्रफल, घर बहालदर | घर सम्पन्न | कैफियत |
|---|---|---|---|---|
| १ | टिकाराम जैसी लामिछाने | १८०३ वर्ग फिट, ३२,०००/- | भएको | छनोट गरिएको |
| २ | विमल प्रसाद पन्थी | १७०० वर्ग फिट , ३४,०००/- | भएको | बैकल्पिक |

**२०४ औं २०८१ अषाढ ८ गते**

- **निर्णय-३ :** प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस संस्थाको एकता महिला सेवा केन्द्रमा कनिष्ठ सहायक पदमा कार्यरत कर्मचारी श्री दुर्गा रेग्मी ज्यूले मिति २०८१ असार ६ गतेका दिन व्यक्तिगत कारण देखाई स्वऐच्छिक रुपमा राजिनामा दिनुभएकोले वहाको राजिनामालाई असार मसान्त पश्चात् लागुहुने गरि स्वीकृत गर्ने निर्णय गरियो। साथै आधारभूत तलब र ग्रेड गरि ६ महिना बराबरको रकम गोल्डेन ह्याण्ड चेक उपलब्ध गराउने निर्णय गरियो।
- **निर्णय-४ :** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस संस्था र बर्दघाट नगरपालिका वडा नं.२ को आर्थिक सहयोगमा मिति २०८१ जेठ १७ र १८ गते सञ्चालन गरिएको VIA Camp भएको खर्च रु. २,६२,३१४/- अक्षरेपी दुई लाख बैसठ्ठी हजार तीन सय चैध मात्र फर्छ्योटको लागि नगरपालिका बिल पेश गर्ने निर्णय गरियो।

**तपशिल :**

| क्र.स. | शीर्षकहरु | खर्च रकम |
|---|---|---|
| १ | बिरामी ओसार पसार गाडी भाडा | ४०००० |
| २ | प्राविधिक भत्ता | ५३२०० |
| ३ | औषधी खरिद | ९५३१९ |
| ४ | समान ओसार पसार गाडी भाडा | ३३०० |
| ५ | प्रमाणपत्र छपाई तथा फ्लेक्स | ११२८० |
| ६ | खाजा तथा खाना खर्च | ३८३७५ |
| ७ | कटन | ३०० |
| ८ | इन्धन खर्च | ४५०० |
| ९ | कार्यक्रम बैठक भत्ता | ३६०० |

| | | |
|---|---|---|
| १० | यातायात खर्च | ४००० |
| ११ | कुर्सी भाडा | १००० |
| १२ | अनुगमन खर्च | ६००० |
| १३ | कुचो | ७० |
| १४ | दही तथा दुध | ६२० |
| १५ | टर्च लाइट | ७५० |
| १६ | जम्मा खर्च | २६२३१४ |

➢ **निर्णय–५** : प्रस्ताव नं. ५ उपर छलफल गर्दा हावाहुरी तथा बाढिपहिरो दैविक प्रकोपको प्रभावले संस्थाका शेयर सदस्यहरुमा भएको धनजनको क्षतिको लागि सहाभूत स्वरुप नगदको रुपमा प्रति सदस्य रु. २,०००/- र ऋण स्वरुप रु. ३०,०००/- देखि १,००,०००/- सम्म क्षतिको आधारमा अधिकतम ६ महिनाको निर्व्याजे ऋण दिने निर्णय गरियो। तथा यस किसिमको कार्य गर्नको लागि तपशिल बमोजिमको विपद् व्यवस्थापन उपसमिति बनाउने निर्णय गरियो।

**तपशिल :**

संयोजक : श्री विमल कुमार श्रेष्ठ
सदस्य : श्री आत्मराम भट्टराई
सदस्य : श्री पार्वती भट्टराई

➢ **निर्णय–६** : प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस संस्थाको आवश्यक तथा रिक्त रहेको पदमा विज्ञापन गर्नको लागि कर्मचारी पदपूर्ति उपसमितिलाई जिम्मेवारी दिने निर्णय गरियो।

➢ **निर्णय–७** : प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस संस्थाको मुख्य कार्यालयको कार्यालय नयाँ ठाउमा स्थान्तरण गर्नुपर्ने भएको फनिसिङ्गको कार्य गर्नको लागि कोटेशन आब्हान गर्ने र यस कार्यलाई पूरा गर्नको लागि सम्पत्ती खरिद उपसमितिलाई अख्तियारी दिने निर्णय गरियो।

## संस्थाको भावी नीति तथा कार्यक्रमहरु :-

**१:– आगामी १ वर्षमा संस्थाले लिएको वित्तीय लक्ष्य शेयर सदस्य, बचत, ऋण लगानी, जगेडाकोष र कुल सम्पत्ति तपशिल बमोजिम पुर्‍याउने लक्ष्य लिइएको छ।**

**तपशिल**

| विवरण | गत वर्षको विवरण | यस वर्षको लक्ष्य | वृद्धि प्रतिशत |
|---|---|---|---|
| शेयर सदस्य | ५४०१ | ६२१८ | १५.१२ |
| शेयर रकम | ३,०९६४,१००.०० | ४८,२८७,४००.०० | ५५.९४ |
| जगेडा कोष | १७,८५२,६९४.१४ | २५,५९२,३५२.३८ | ८८.८७ |
| बचत | ३०८,५३४,४६४.२८ | ३७,१८,१३,४२१.४ | २३.९२ |
| ऋण लगानी | २९,६८,३६,६०६.४ | ३८,१४,७०,९१२.९ | ३१.५१ |
| कुल सम्पत्ती | ३८,३३,८३,२१३.३१ | ४८२,८७४,५७३.२८ | २९.०८ |

**४ः- नीति, कार्यविधि तथा विनियम संसोधन :**

संस्थालाई सुशासन र प्रणालीमा सञ्चालन गर्नको नीति, कार्यविधि र निर्देशिका आवश्यकता पर्ने भएकोले केही नीतिहरु, कार्यविधिहरु र निर्देशिकाहरु पुर्नलेखन र संसोधन गरिएकोले, सहकारी ऐन २०७४ बमोजिम साधारण सभाबाट नीति तथा कार्यविधिहरु पारित गर्नुपर्ने भएकोले सो को पारितको लागि पनि अनुरोध गर्दछौं र साथै अन्य नीति, कार्यविधि र विनियम संसोधन निर्माणको लागि अख्तियारी प्रदानको लागि पनि अनुरोध गर्दछौं ।

| क्र.स. | यस वर्ष नव निर्मित नीति तथा कार्यविधि | संसोधित नीति तथा कार्यविधि |
|---|---|---|
| १ | सदस्य सम्मान तथा पुरस्कार वितरण आन्तरिक कार्यविधि २०८१ | सुरक्षण राहत वितरण आन्तरिक कार्यविधि-२०७५ तृतीय संसोधन |
| २ | | निर्वाचन आन्तरिक कार्यविधि प्रथम संसोधन |
| ३ | | साधारण सभा सञ्चालन आन्तरिक कार्यविधि प्रथम संसोधन |
| ४ | | धितो मूल्याङ्कन आन्तरिक कार्यविधि २०७८ प्रथम संसोधन |
| ५ | | मानव संसाधन व्यवस्थापन आन्तरिक कार्यविधि २०७५ तेस्रो संसोधन |

## सदस्यता केन्द्रित कार्यक्रमहरु :

- संस्थामा आवद्ध सदस्यहरुको हितका लागि सिप र पूँजीको अभावमा उद्यमी बन्न नसकेका युवा तथा किसान सदस्यहरुलाई लक्षित गरि यस वर्ष प्राङ्गारिक कृषि खेती तथा पशुपालन व्यवसायका विशेष प्राथमिकता दिई आन्तरिक तथा बाह्य स्रोतको व्यवस्था गरि उत्पादन वृद्धि गरी सदस्यहरुको आम्दानीमा वृद्धि गर्ने उद्देश्यका साथ नतिजामुखी कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिइएको छ। यस कार्यका लागि संस्थाले सञ्चालनमा ल्याएको पशुधन ऋण कार्यक्रमलाई उद्देश्यमूलक र उपलब्धीमूलक बनाइनेछ।
- नेफ्स्कुनले USAID को सहयोगमा विकास गरेको कार्यक्रम व्यवसाय विकास कार्यक्रम BDS लाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ।
- वित्तीय साक्षरताको अभावमा सदस्यहरुको आर्थिक अवस्थामा सुद्धिढीकरण हुन नसकेकोले अधिकतम सदस्यहरुलाई वित्तीय साक्षरता कक्षा मार्फत वित्तीय साक्षरता प्रदान गर्ने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।
- वित्तीय साक्षरता कार्यक्रम संगसंगै शेयर सदस्यहरुको Future Planning & Budgeting को कार्यक्रम सञ्चालन गरिनेछ।
- यस वर्ष पूर्णरुपमा सदस्य मैत्री कार्यक्रमहरु अधिकतम मात्रामा सञ्चालन गरिनेछ, मासिक बचत नियमितता गर्न र यसको महत्व बुझाउने किसिमका कार्यक्रमहरु विशेष प्राथमिकता साथ गरिनेछ।
- देशको युवाशक्तिमा सहकारी क्षेत्र प्रतिको आर्कषण कमी भइरहेको कुरालाई मध्यनजर गर्दै अब हाम्रो सुपर साकोस स्कूल स्कूलमा पुगी बालबालिकाहरुमा सहकारी शिक्षा तथा वित्तीय साक्षरता प्रदान गर्दै सहकारी प्रतिको आर्कषण बढाउने योजना गरिएको छ।
- जेष्ठ सदस्यहरुको कार्यक्रमलाई जेष्ठ सदस्यमैत्री बनाउने परिकल्पना गरिएको छ।
- नगरपालिका र वडासँग सहकार्य गरि वित्तीय साक्षरता तथा सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- सदस्यसँग हातेमालो कार्यक्रमलाई प्रभावकारी बनाउनुका साथै ठीक समयमा ठीक कामका लागि गाउँ गाउँमा प्रतिनिधित्व गर्ने समुदायको निर्माणलाई परिकल्पना गरिएको छ। यस कार्यको लागि सिस्टर क्लबलाई पुर्नगठन गरि विशेष सुविधा प्रदान गरि सक्रिय बनाई कार्यलाई निरन्तरता दिइनेछ।
- शेयर सदस्यसँग मिलन तथा घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ, जसले गर्दा शेयर सदस्य र संस्था बिचमा आपसी आत्मियता र सम्बन्धमा सुधार पुग्ने अपेक्षा लिएका छौं।
- "**सुशासनयुक्त संस्था र अनुशासित सदस्य**" कार्यक्रमलाई प्राथमिकताको साथ अगाडि बढाइनेछ।
- संस्थाले गर्दै आएको बिमा कार्यक्रम अन्तर्गत दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिदै, स्वास्थ्य बिमा र जीवन बिमा कार्यक्रमको विषयमा अध्ययन गरि अगाडि बढाइनेछ।
- मोबाइल एप्स र क्यू आर कोडको प्रयोगको लागि शेयर सदस्यलाई प्रोत्साहन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ। र क्यू आर कोडको कारोबारको आधारमा सापटी दिने व्यवस्था पनि गरिनेछ।

- संस्थाले प्राप्त गरेको प्रोवेसन तथा एक्सेस ब्राण्ड तथा अभ्यासलाई निरन्तरता दिइनेछ।
- सदस्यहरुले लिने ऋणको व्याजदरमा नियमित ऋण भुक्तानी गर्दा व्याजदरमा नै छुट दिने र फरकता दर पनि कम गरि लगानी गर्ने योजना लागु गरिनेछ ।
- यस आ.व. देखि संस्थाले गरेका सामाजिक, आर्थिक तथा अन्य गतिविधिहरुको बारेमा सामाजिक परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
- यस वर्षबाट आन्तरिक लेखा परिक्षण तथा बाह्य लेखापरिक्षण NFRS पद्धतिबाट गर्ने व्यवस्था मिलाईने छ।

## सामाजिक उत्तरदायित्व अन्तर्गत :

- संस्थाले सञ्चालन गरेको सामुदायिक विकास कोषलाई अझै प्रभावकारी बनाउनको लागि सामाजिक कार्यलाई निरन्तरता दिन र स्थायीत्व प्रदान गर्नको लागि सदस्य, गैर सदस्य, विभिन्न निकायहरुको सहकार्य र सहयोग लिई कार्यक्रमलाई अगाडि बढाइनेछ।
- सामाजिक उतरदायित्व अर्न्तगत आयोजना हुने कार्यक्रमहरुलाई प्रभावकारी बनाउनुका साथै अधिकतम सहभागिताको लागि पर्याप्त ध्यान दिई आर्कषक बनाउने प्रयत्न गरिएको छ। जस अन्तर्गत स्वास्थ्य, शिक्षा, वातावरणीय, सांस्कृति र खेलकुद क्षेत्रको विकास र सचेतनाको लागि विशेष पहल गरिनेछ।
- "हाम्रो शहर, राम्रो शहर" बनाउने नाराका साथ सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ।
- यस वर्ष सस्थाले समाजमा प्रत्यक्ष प्रभाव पार्ने ५ वटा सामाजिक गतिविधिहरु सञ्चालन गर्नेछ।

## संस्थागत विकास र छवि अन्तर्गत :

- संस्थाको विकास र सदस्यहरुलाई अधिकतम सेवा र सुविधा प्रदान गर्न र एउटा मजबुत सहकारी बनाउनको लागि मर्ज प्रक्रिया निरन्तरता दिई अघि बढाईनेछ।
- मुख्य कार्यालयलाई व्यवस्थित बनाउनको लागि संस्थाको लागि उपयूक्त घरको खोजी गरि कार्यालय व्यवस्थित गरिनेछ। संस्थाको तरलता आदिको मध्यनजर गरि सुलभ मूल्यमा घडेरी उपलब्ध भएमा खरिद गर्ने कार्यलाई पनि अगाडि बढाइनेछ।
- "जनप्रतिनिधिसँग सहकार्य, वडा वडामा सहकारी" अभियानलाई अगाडि बढाई संस्थाको छवि, शाखमा वृद्धि गर्ने कार्य आदिको बारेमा जानकारी गराउने कार्यक्रम गरिनेछ।
- संस्थाको मजबुतीसँगै संस्थाको छवि (Branding) निर्माणको लागि आवश्यक रकम विनियोज गरिनेछ।
- संस्थाका सम्पूर्ण कार्यालयहरुलाई सदस्यमैत्री तथा सुविधा सम्पन्न बनाइनेछ।
- निर्वाचित हुन चाहने सदस्यहरुको लागि सञ्चालकको काम, कर्तव्य र अधिकारको विषय उपर १ दिने पूर्व नेतृत्व अभिमुखिकरण कार्यक्रम गरिनेछ।
- सञ्चालकहरुको क्षमता विकासको लागि क्षमता विकास तथा संस्थागत व्यवसायिक योजना निर्माण गरिनेछ।

## भौतिक तथा पूँजीगत विकास अन्तर्गत :

- संस्थाको मूख्य कार्यालय तथा सेवा केन्द्रहरुमा डिजिटल सूचनापाटीको व्यवस्था गर्ने ।
- संस्थाको मूख्य कार्यालयलाई यस वर्ष व्यवस्थित र वातानुकुलित बनाई शेयर सदस्यलाई सेवा लिनको लागि सहज बनाईनेछ।
- सबै कार्यालयहरुमा फेक नोट डिटेक्टिभ काउन्टिङ्ग मेशिन खरिद गरिनेछ।
- संस्थाको मुख्य कार्यालयमा Interactive Board/Smart Board खरिद गरिनेछ।

## विविध :

- संस्थालाई व्यवस्थित प्रणालीमा सञ्चालन गर्नको लागि यस नयाँ नीति, कार्यविधि र निर्देशिका तयार एंव संसोधन गरिने कार्यलाई निरन्तरता दिइनेछ।
- संस्थाको प्रर्वद्धन विकासको निम्ति योगदान दिने कर्मचारी, सञ्चालक समिति, लेखा-समिति, उप-समिति र सदस्यहरुलाई गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- संस्थाका सञ्चालक समिति, लेखा समिति, उप समिति र कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि विभिन्न तालिम तथा गोष्ठीको व्यवस्था मिलाइने छ।
- यस वर्ष यूवा क्लब गठन गरिनेछ।
- योगदानमा आधारित सदस्य सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

अन्त्यमा,

आदरणीय शेयर सदस्य महानुभावज्यूहरु, यस हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लि. को चौधौ वार्षिक साधारण सभालाई सफल पुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्ण सहकर्मी मित्रहरु, शेयर सदस्यज्यूहरु, कर्मचारी वर्गहरु बर्दघाट न.पा., नियामक निकाय, जिल्ला सहकारी संघ न.प., नवलपरासी जिल्ला बचत तथा ऋण सहकारी संघ, प्रदेश बचत सहकारी संघ, नेफ्स्कुन, अन्य सहकारी संस्था, शुभचिन्तक, युवा तथा साना व्यवसायि स्वरोजगार कोषलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। जसले हामीलाई आर्थिक, प्रशासनिक एवं अन्य सहयोग एवं मागर्दशकको भूमिका निर्वाह गर्नु भएकोमा, साथै सोह्रौ वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गराउन सहयोग गर्नुहुने सम्पूर्ण सञ्चालक समिति, उपसमिति, कर्मचारी वर्ग शेयर सदस्य महानुभावहरु आतिथी गणहरु, पत्रकार मित्रहरु स्वयसेवक आदिमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु साथै हामीलाई आजको कार्यक्रमको लागि कुर्सी, साउण्ड सिष्टम, खाजा, पानीको व्यवस्था गरिदिने एवं प्रत्यक्ष अप्रत्यक्ष रुपमा यस साधारण सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्णमा सहकारीमय हार्दिक अभिवादन गर्दछु।

जय सहकारी, जय हाम्रो सुपर साकोस

**बिष्णु प्रसाद बराल**
**सचिव, हाम्रो सुपर साकोस**

# १४औं वार्षिक साधारण सभामा कोषाध्यक्षको तर्फबाट वार्षिक प्रतिवेदन



कोषाध्यक्षः रुक्मागत पाण्डे

यस हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लि.को १४औं वार्षिक साधारण सभा कार्यक्रमका सभाध्यक्षज्यू, आफ्नो अमूल्य समय खर्चेर हाम्रो अतिथ्यतालाई स्वीकार गरी पाल्नूहुने प्रमूख अतिथिज्यू, विशेष अतिथिज्यू, विभिन्न सहकारी तथा संघ संस्थाबाट प्रतिनिधित्व गरि पाल्नु भएका अतिथि गणहरु, पत्रकार मित्रहरु, यस संस्थाका सल्लाहाकारज्यूहरु, विभिन्न ओहोदामा रहेर संस्थाको सञ्चालकको भूमिका निर्वाह गर्ने सञ्चालकज्यूहरु, लेखा समिति संयोजक लगाएत सदस्यज्यूहरु, विभिन्न उप-समितिमा रहेर संस्थालाई योगदान गर्नुहुने संयोजक लगायत सदस्यज्यूहरु, सिस्टर क्लबका सदस्य एवं यस संस्थाको निष्ठावान कर्मचारी मित्रहरु लगायत यस संस्थाको परिवार तपाई सम्पूर्ण शेयरधनी महानुभावहरुमा यस संस्थाको कोषाध्यक्ष तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक नमन गर्दै सहकारी अभिवादन टक्रयाउन चाहन्छु।

अहिलेको वर्तमान अवस्था र परिस्थीतिमा पनि सहकारीले जुन गति लिएको छ त्यो आफैमा महत्वपूर्ण र संस्थाको विश्वासको कुरा रहेको छ। संस्थाले सदस्यको आवश्यकता र क्षमता अनुसार ऋण लगानी गर्न सक्नु र सदस्यको पैसा सदस्यले चाहेको समयमा फिर्ता गर्न सक्नु ठूलो विषय भएको वर्तमान अवस्था संस्थाले करिव यस वर्षमात्र करिब ६ करोण रुपैयाँ बचत वृद्धि गरेको छ भने कुल सम्पत्तिमा पनि ७ करोड रुपैयाँले बृद्धि भएको छ त्यस्तै गरि ऋण लगानीमा पनि ४ करोड रुपैयाँले वृद्धि रहेको छ र संस्थाले तरलता रकम पनि पर्याप्तताका साथ राख्न सफल पनि भएको छ। संस्था सधै सदस्य प्रति संवेदनशिल रही कार्य गरेको छ। सदस्यलाई प्रदान गरिने सेवा र सुविधामा कसरी वृद्धि गर्न सकिन्छ भनेर संस्थाले सधै नै ध्यान दिई बचतका प्रकारहरु निर्माण गर्ने गरेको छ।

यस संस्था नीति, विधि, प्रविधी, आर्थिक सुशासन, पारदर्शिता र कोपोमिस प्रणालीमा अध्यावधिक भएकोले कारणले नै यस संस्थाले समाजको दरिलो विश्वास जितेको हामीलाई अनूभूती भएको छ। जुन विश्वास, आधार र सफलतालाई निरन्तर कायम राख्नलाई आईपर्ने बाधा, व्यवधानलाई आवश्यक सल्लाह र सुझाव आपसी छलफलबाट छिचोल्दै अगाडी बढ्ने बिश्वास दिलाउन चाहन्छु। शेयर सदस्य, नियामक निकाय, छाता संघ सबैको सहानुभुती सद्भावले आज संस्था करिव ३९ करोडको कारोबार गर्न सक्षम भएको छ यसले गर्दा पूँजी परिचालन गरेर स्वरोजगार बन्ने अवसर पूँजीको बृद्धि गर्ने अवसर तथा संस्थाद्वारा प्रदान गरिने रोजगारको अवसरले गर्दा समाज र समग्र राष्ट्रलाई नै सहयोग गरिरहेको हाम्रो ठम्माई रहेकोछ।

## संस्थाको संक्षिप्तामक प्रगति विवरण

| शीर्षक/आर्थिक बर्ष | २०७८/२०७९ | २०७९/२०८० | २०८०/२०८१ |
|---|---|---|---|
| सदस्य | ४८९१ | ५२०० | ५४१७ |
| शेयर | २,९१,७९,२०० | ३१०५८१०० | ३,०९,६४,९०० |
| बचत | २४,६६,२८,९०१.६८ | २४२७०७५२१.४ | ३०,८५,३४,५३८.२१ |
| ऋण लगानी | २७,३१,५८,६१२.८२ | २५४,३९१,७०२.७७ | २९,०५,२८,४६५.९४ |
| बाह्य ऋण | १,२४,९,५,००.३४ | १००००००० | ० |
| जगेडा कोष | ९९,६१,३१९.८७ | १३३४६६४७.६७ | १,३६,०१,५४२.६२ |
| अन्यकोष | १,७४,२०,०९६.१ | ५१९५३५२.०० | १,७३,०१,५३२.३२ |
| कुल पूँजि | ३२,८३,२७,०८२.५८ | ३२०,५६७,८८६.९६ | ३८३३८३२१३.३१ |

अब, यहाँहरु समक्ष वर्षभरीको आर्थिक गतिविधि र आगामी वर्षको अनुमानित आय व्यय बारे जानकारी दिने अनुमति चाहन्छु।

## आम्दानी तर्फ

| क्र.स. | विवरण | २०८०/२०८१ को अनुमानित | २०८०/२०८१ यथार्थ | २०८१/२०८२ को अनुमानित |
|---|---|---|---|---|
| १ | व्याज आम्दानी | ४,५१,७८,०२०.७२ | ४,०५९,०४९०.६९ | ४,७५,११,५८१.६८ |
| २ | लगानीबाट प्राप्त आम्दानी | ५,००,०००.०० | ४०,८८८.३९ | ५०,०००. |
| ३ | रेमिटान्स आम्दानी | ३,२५,०००.०० | २,११,७८७.६३ | २,१०,०००. |
| ४ | प्रवेश शुल्क | २,११,२००.०० | ६९,८००.०० | १,३६,०००. |
| ५ | प्रशासनिक आम्दानी | ९,६०,०००.०० | १८,४६,९०४.०० | १६,००००० |
| ६ | हर्जना | ८,००,०००.०० | १३,१३,३८३.९६ | ८,०००००. |
| ७ | बैंकबाट प्राप्त व्याज | १२,४६,९००.१२ | १५,१७,७२०.६८ | १८,०००००. |
| ८ | अन्य आम्दानी | ३,९०,०००.०० | ७,४९,७६२.८ | ५,३५०००. |
| | **जम्मा** | ४,९२,२१,१२०.०४ | ४,९३,६९७४२.०४. | ५,२६,४२५८१.६८ |

## खर्च तर्फ

| क्र.स. | विवरण | २०८०/२०८१ को अनुमानित | २०८०/२०८१ यथार्थ | २०८१/२०८२ को अनुमानित |
|---|---|---|---|---|
| १ | व्याज खर्च | २४८३११४६.३ | २,५०,५७९०९.३३ | २,९०,५७,८७८.५४ |
| २ | कर्मचारी खर्च | ८६५०९५८.३३ | ८०,९१८४०.५३ | ८०,४९६७६. |

| | | | | |
|---|---|---|---|---|
| ३ | बाह्य ऋण व्याज | ५००००० | ३,१७८७६.७१ | ० |
| ४ | कार्यलय सञ्चालन खर्च | | १३,३७०४२.४८ | |
| ५ | तालिम खर्च | ११७०००० | ६,०३,४६१.१९ | ७,८५०००. |
| ६ | प्रशासनिक खर्च | १९९४०२० | ८,९५९८१.०१ | ४३,९१०००. |
| ७ | साधारण सभा खर्च | १४००००० | ११,४६१२४.५८ | |
| ८ | कर्जा सुरक्षण व्यावस्था खर्च | १०००००० | १४,२२,९८३.५० | १५,०००००. |
| ९ | घर भाडा खर्च | ७५०००० | ६,५२,५९० | ७,०००००. |
| १० | विविध खर्च | | १९,३८५ | |
| ११ | ह्रासकट्टी खर्च | | ८,७२,७३४.२७ | |
| १२ | खुद बचत | ९,३१४,९९६.२१ | ५९,२६,४७४.०८ | ८१,५९०२७.१४ |
| | **जम्मा** | ४९६१११२०.८४ | ४,६३४४४०२.८७ | ५,२६,४२५८१.६८ |

## वासलातको विवरण

| क्र.स. | पूँजी तथा दायित्व | ८०/८१ को अनुमानित | ८०/८१ को यथार्थ | ८१/८२ को अनुमानित |
|---|---|---|---|---|
| १ | नाफा | ९३१४९९६.२१ | ५९,२६४७४.११ | ८१,५९०२७.१४ |
| २ | शेयर पूँजी | ३८६२१००० | ३०९६४९०० | ४,८२,८७,४००. |
| ३ | कोष हिसाब | २५८८२०७७.१३ | ३०९०३०७४.९४ | २,५५,९२,३५२.३८. |
| ४ | बचत हिसाब | २९७४५०७३७.१४१२५ | ३०८५३४५३८.२१ | ३७,१८,१३४२१.४३. |
| ५ | तिर्नु पर्ने ऋण | ८१६८८४७.२६ | ० | ० |
| ६ | भुक्तानी दिनुपर्ने | ६८६२००० | ७०,५४२२६.०५ | ८६,९१,७४२.३२ |
| | **जम्मा** | ३८,६२९९६५७.७४ | ३८३३८३२१३.३१ | ४६,२५४३९४३.२७ |
| | **सम्पति तथा जायदात** | **८०/८१ को अनुमानित** | **८०/८१ को यथार्थ** | **८१/८२ को अनुमानित** |
| ७ | नगद हिसाब | १९३१४९८.२९३१२५ | ७९८७३०.०२ | २४,१४३७२.८७ |
| ८ | बैंक हिसाब | ६१८०७९४५.३८ | ६०९२३२३५.४२ | ५,९४३२,८६७.३० |
| ९ | लगानी हिसाब | ७७२५९९३.१७२५ | १४८७१७००.७९ | ९६५७४९१.४७ |
| १० | ऋण लगानी हिसाब | ३०५१७६७३०.३१३७५ | २९,०५,२८,४६५.९४ | ३८,१४७०९१२.८९ |
| ११ | पाउनुपर्ने हिसाब | ३८६२९९६.५८६२५ | ११८७२६९५.८२ | ४४,९८११५.७२ |
| १२ | सम्पति सामान | ५७९४४९४ | ४३,८८,३८५.३२ | ५०,७०,१८३.०२ |
| | **जम्मा** | ३८,६२,९९,६५७.७५ | ३८,३३,८३,२१३.३१ | ४६,२५४३९४३.२७ |

## भावी कार्यक्रमहरूको बजेट योजना

| क्र.स. | कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १ | सम्पत्ती समान खरिद | २३,८१,०००.०० |
| २ | सहकारी शिक्षा, साक्षरता तथा गोष्ठी र प्रवर्द्धन कार्यक्रम | ४,३५,००० |
| ३ | सदस्य सीपमुलक तथा व्यवसायिक तालिम | १,९५,००० |
| ४ | सामाजिक गतिविधहरुतर्फ | २,१५,००० |
| ५ | संस्थाका पदाधिकारीहरु तथा कर्मचारी तालिम, गोष्ठी | ३,५०,००० |
| ६ | कर्मचारी खर्च | ८,०४९,६७६।०० |
| ७ | सदस्यता बृद्धि तथा सहकारी प्रबर्धनात्मक कार्यक्रम | १,२०,००० |
| ८ | साधारण सभा खर्च | १३,००,००० |
| ९ | अन्य प्रशासनिक खर्चहरु | ३२,६१,००० |
| १० | वित्तीय खर्च | ३४,०५७,८७८।५४ |
| | **जम्मा बजेट** | ५६,१४२,५८१।६८ |

**कोषाध्यक्षको तर्फबाट** : संस्थाको हिसाब किताबको लेखाजोखा राख्ने पद्धती र विधि आदिको अध्ययन, अनुगमन गर्ने क्रममा देखिएका विषयहरुः

- मुख्य कार्यालय तथा सेवा केन्द्रहरुको नगद तथा भल्ट समय समयमा निरिक्षण गर्ने क्रममा भल्ट तथा नगद ठिक रहेको पाइयो, भल्टमा भएको पैसाको विवरण भल्ट बुकमा राख्ने गरेको पाइयो।
- बैंकको मौज्दात ३/३ महिना म आफैले प्रमाणित गर्ने गरेको छु।
- खर्च तथा बिल भरपाईहरु नियम र नीति संगत खर्च गर्ने गरेको पाएको छु, वार्षिक बजेटको केहि शीर्षकहरु केहि प्रतिशत रकम बढि खर्च भएको पाइयो। जसलाई रकमान्तर गरि मिलान गर्न सुझाव दिन चाहन्छु।
- संस्थाले खर्चमा मितव्यायी नै गरेको पाइयो।
- संस्थाले बनाएको वार्षिक बजेट अनुसार संस्थाले गर्नुपर्ने गतिविधि तथा कार्यक्रमहरुमा विनियोजन बजेटको २० प्रतिशत मात्र खर्च गरेको पाइयो। यसलाई वृद्धि गदै लैजानुपर्ने देखिन्छ।
- समग्रमा संस्था सञ्चालन प्रक्रियामा कुनै पनि गलत मनसाय नरहेको र कर्मचारीहरु पनि इमान्दारीका साथ काम गरेको पाएको छु। कुनै अपचलन वा गलत नियत राखी कार्य गरेको पाइएन।
- अहिलेका समग्र अवस्थामा संस्थाले सदस्यलाई मासिक बचतको महत्व बारेमा सदस्यलाई धेरै भन्दा धेरै ज्ञान दिनुपर्ने देखिन्छ।

- सेवा केन्द्रहरुले सदस्यता वृद्धि र ऋण लगानीमा अधिकतम ध्यान दिनुपर्ने देखिएको छ।
- संस्थको कुल भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम रहेता पनि पाउनुपर्ने व्याजमा वृद्धि भएको छ।

**लाभांस सम्बन्धमा :**

आ.व. २०८०/२०८१ को मुनाफाबाट शेयर सदस्यहरुलाई ५.९४% नगद लाभांस वितरण गर्ने र संरक्षित पूँजी फिर्ताकोषबाट बचतको कारोबारको आधारमा १.५३ % र ऋणको कारोबारको आधारमा १.३९% संरक्षित पूँजी फिर्ताकोष आन्तरिक कार्यविधि २०८० को प्रावधान अनुसार वितरण गरिनेछ।

अन्त्यमा, यस संस्थालाई यस अवधिसम्म निरन्तर साथ दिई स्थानीय स्तरका सहकारी संस्थाहरु मध्ये एउटा अग्रणी संस्थाको रुपमा स्थापना गर्नको निम्ति अहोरात्र खटिनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरु, सञ्चालक समितिका मित्रहरु, लेखा समिति, शुभचिन्तक सहकारीकर्मीहरु तथा सम्पूर्ण कर्मचारी बन्धुहरुमा हार्दिक सहकारीमय अभिवादन टक्राउन चाहन्छु, साथै यहाँहरुको आगामी दिनहरुमा पनि यसरी नै अटुट र अविछिन्न रुपमा साथ, सहयोग, हौसला र प्रेरणा साथ मार्गदर्शन प्रदान भइरहोस भन्ने कामना गर्दै सम्पूर्णमा सुखद् दिनचर्याको कामना गर्दछु।

धन्यवाद।

जय सहकारी ।।

**रुक्मागत पाण्डे**
**कोषाध्यक्ष**
**हाम्रो सुपर साकोस**

# १४औं वार्षिक साधारण सभामा ऋण उप-समिति संयोजकको तर्फबाट प्रस्तुत प्रतिवेदन



संयोजकः रुक्मागत पाण्डे

यस साकोसको १४औं वार्षिक साधारण सभाका सभा अध्यक्षज्यू, प्रमूख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिगणहरु आदरणीय सञ्चालक समितिका पदाधिकारीज्यूहरु तथा सदस्यज्यूहरु लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरु, विभिन्न उप-समितिमा रहनु भएका संयोजक तथा सदस्यज्यूहरु, संस्थाको दिगो विकासका लागि अहोरात्र क्रियाशिल रहनुभएका व्यवस्थापन पक्षका कर्मचारी मित्रहरु सञ्चारकर्मी पत्रकारबन्धुहरु र यस सभालाई भव्य र सभ्यताका साथ सफल बनाउन उपस्थिती शेयरधनी महानुभावहरुमा हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन टक्राउदछु।

आदरणीय शेयर सदस्य महानुभावज्यूहरु संस्थाका शेयर सदस्यहरुबाट विभिन्न प्रयोजनका लागि ऋण माग गरी पर्न आएका निवेदन माथि ऋण उप-समितिको बैठक बसी आवश्यकता निरिक्षण र अनुगमन गरी संस्थाको ऋण लगानी र असुली नीतिको परिधिमा रही आवश्यक प्रक्रिया पूरा गरी ऋण लगानीको लागि सञ्चालक समितिमा सिफारीस गरि ऋण लगानी गर्ने काम ऋण उप-समितिले गर्ने गरेको छ। बचत तथा ऋण सहकारीमा ऋण उप-समितिको निकै जटिल र महत्वपूर्ण भुमिका रहेको हुन्छ। यस भुमिकालाई निर्वाह गर्ने क्रममा यस संस्थाबाट बचत जमानीमा न्यूनतम रु.३००००। देखि रु.२०००००। सम्म ऋण लगानी भएको छ। व्यवस्थापकबाट रु. १०,००,०००/- र सो भन्दा माथि व्यवस्थापकको सिफारिसमा ऋण उप-समितिले अधिकतम रु. २० लाखसम्म र सो भन्दा माथि रु. ३५ लाखसम्म ऋण ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिबाट स्वीकृत गरि लगानी गरिएको छ। संस्थाले व्यक्तिगत कर्जा, व्यापार, घर जग्गा खरिद, कृषि, भवन निर्माण, शिक्षा, बैदेशिक रोजगार, औद्योगिक हायरपर्चेज आकष्मिक ऋण र व्यवसाय निरन्तरता ऋण आदि शीर्षकमा लगानी गर्दै आएको छ। संस्थाको लगानीको औषत ऋणको व्याजदर १३.९३ प्रतिशत रहेको छ। बचत जमानीको ऋणको हकमा निवेदन दिएको दिनै वा ३ दिनभित्र ऋण लगानी गर्ने गरिएको छ भने धितो कर्जामा निवेदन दिएको १० दिनभित्र लगानी भएको कुरा जानकारी गराउन चाहन्छौं। तथापी नेपाली रकम विभिन्न उद्देश्यमा देशबाट पैसा बाहिर गइरहेको अवस्थाको कारणले गर्दा वित्तीय क्षेत्रमा देखिएको लगानी योग्य रकमको अभावको कारणबाट सहकारी संस्थाहरु पनि अछुतो नरहेको अवस्थाले गर्दा शेयर सदस्यहरुको माग अनुसार ऋण सुविधा उपलब्ध गराउन नसकेकोमा क्षमाप्रर्थी छौं। यस समस्याको पनि छिट्टै समाधान खोजि गरि शेयर सदस्यहरुलाई सुविधामा निरन्तरता दिने विश्वास दिलाउन चाहन्छु।

गत आ.व. सम्म १५७३ जना ऋणी सदस्य रहेमा यस आ.व. २०८०/२०८१ मा ६६ ऋणी सदस्य घटेर जम्मा १५०७ जना ऋणी सदस्य सख्या रहेको छ । यस संस्थाको ऋण उप समितिको यस आ.व. मा २७ बटा बैठक बसी ऋण लगानी स्वीकृत गरेको छ। संस्थाको आ.व. २०८०/२०८१ सम्म भएका ऋण लगानीको विवरण यसप्रकार रहेका छन्।

| क्र.स. | कर्जा लगानीको उद्देश्यहरु | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| १ | व्यापार | ६२०३५८९७।७३ | ७२९१२९५६।९० |
| २ | कृषि | ११८८८०८१।०९ | ११४००९५५।२३ |
| ३ | हायर पर्चेज | ६४४५२०२।५१ | ७३०६३१७।१८ |
| ४ | कर्मचारी ऋण | २९२८०४१।५२ | ९४५६४२।८० |
| ५ | बैदेशिक रोजगार | ४३३४७४३।०६ | १७८२४४३।०६ |
| ६ | स्वरोजगार कर्जा | २३७७२२।०० | ३०४२४१।०६ |

| | | | |
|---|---|---|---|
| ७ | आकस्मिक कर्जा | ०।०० | १८३५७५ |
| ८ | व्यक्तिगत/घर खर्च | ९९०३५८०२।३३ | ७९८५१४०५।१४ |
| ९ | जग्गा / भवन निर्माण | ४८५६२८९२।२ | ४४८९९७३७।२० |
| १० | व्यवसाय निरन्तरता ऋण | २३२८१३७६.४४ | १९५७१४९१ |
| ११ | शैक्षिक ऋण | २११९४५६२।६७ | २५५८७३९ |
| १२ | माहामारी पुर्नऋण | ०।०० | ०.०० |
| १३ | बचत जमानी | २९५८४१४४।३९ | १२६७४१९९।२० |
| | **जम्मा** | २९०५२८४६५।९ | २५४३९१७०२।७७ |

आ.व. २०८०/२०८१ **मा ऋण उप समितिको जम्मा २७ वटा बैठक भएका तथा लगानीको विवरण यसप्रकार रहेका छन्।**

**भाखा नाघेको ऋणः**

- यस आ.व.मा संस्थाबाट भएको कुल लगानी रु. २९,०५,२८,४६५।९४ भएकोमा भाखा नाघेको रकम रु. १,१५,२७,२५८.८२ रहेको छ जसको असुलीको लागि ध्यान दिनुपर्ने कुरा देखिन्छ।
- यस वर्ष भाखा नाघेको पूराना ऋणहरु असुली भएको देखिएको छ जुन आफैमा एउटा राम्रो कुरा तर पनि अझै केहि ऋणहरु असुली हुन बाँकी देखिएकोले त्यसको असुलीमा ध्यान दिनुपर्ने देखिन्छ।

**बाह्य ऋणको अवस्थाः**

- संस्थामा तरलताको अभाव हुँदा र ऋणको माग केहि पूरा गर्नको निम्ति बाह्य ऋण आवश्यक हुन्छ यस आ.व.मा यस संस्थामा बाह्य ऋण रहेको छैन।

**आगामी लक्ष्यः**

- यस आ.व.मा भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा तल पुऱ्याइनेछ।
- यस वर्ष ऋण लगानी ३८,१४,७०,९१२।८९ पुऱ्याउने लक्ष्य लिएको छ।

**ऋण नीतिमा भएका केहि संसोधनहरुः**

- यस आ.व. बाट अधिकतम ऋण लगानी रु ३५ लाख सम्म लगानी गरिने छ।
- पशुधन ऋण सेवा यस वर्ष पनि निरन्तरता गरिएको छ।
- ऋण असुलीको लागि धितो लिलाम प्रक्रियालाई सहजताको लागि ऋण असुली तथा धितो लिलाम आन्तरिक कार्यविधि २०७९ कार्यान्वयनमा ल्याइयो।

**ऋण समितिको अन्य कुराहरु :-**

- यस वर्ष संस्थाले गत वर्षभन्दा भाखा नाघेको ऋणमा कम गरेता पनि बाह्र महिनाभन्दा बढि भाखा नाघ्ने ऋण बदि रहेको छ जसलाई यस वर्ष कम गर्नुपर्ने योजना निर्माण गर्नुपर्ने देखिन्छ।
- ऋण लगानी गर्दा स्थायी आम्दानीको स्रोत पहिचान गरि मात्र ऋण लगानी गर्ने अभ्यास गर्नुपर्ने देखिन्छ।

आदरणीय शेयर सदस्य महानुभावज्यूहरुमा यस संस्थाको चौधौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएकोमा हार्दिक धन्यवादज्ञापन गर्दै यहाँहरुको अटुट साथ सल्लाह र सहयोग सदैव रहिरहोस भनि आशा एंव विश्वास गर्दै मेरो प्रतिवेदनको प्रस्तुति यही अन्त्य गर्दछु।

धन्यवाद।

*ऋण उपसमिति*

संयोजकः रुक्मागत पाण्डे

सदस्यः माधव अधिकारी

सदस्यः दिपक प्रसाद भण्डारी

# १४औं वार्षिक साधारण सभामा शिक्षा उप-समिति संयोजकको तर्फबाट प्रस्तुत प्रतिवेदन



संयोजकः
आत्माराम भट्टराई

यस हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लि.को १४औं वार्षिक साधारण सभा अध्यक्षज्यू, आफ्नो व्यस्त समयका बाबजुत हाम्रो अतिथिलाई स्वीकार गरी पाल्नुहुने प्रमूख अतिथिज्यू, विशेष अतिथिज्यू, विभिन्न सहकारी तथा संघ संस्थाबाट प्रतिनिधित्व गरि पाल्नु भएका अतिथि गणहरु, पत्रकार मित्रहरु, यस संस्थाका सल्लाहाकारज्यूहरु, विभिन्न ओहोदामा रहेर संस्थाको सञ्चालकको भूमिका निर्वाह गर्ने सञ्चालकज्यूहरु, लेखा समिति संयोजक लगाएत सदस्यज्यूहरु, विभिन्न उप-समितिमा रहेर संस्थालाई योगदान गर्नुहुने संयोजक लगायत सदस्यज्यूहरु, सिस्टर क्लबका सदस्य एवं यस संस्थाको कर्मचारी मित्रहरु यस संस्थाको अभिन्न अंगरहनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुमा यस संस्थाको शिक्षा उप समिति तथा मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिवादन टक्रायाउन चाहन्छु ।

केही व्यक्तिको स्वार्थको कारण समग्र सहकारीमा विश्वासको कमी भई सदस्यहरुमा अन्योलता भएको यहाँहरुलाई अवगतै छ । यस्ता अन्योलता तथा विश्वासको कमी बिच हाम्रो यस संस्थाले आफ्ना शेयर सदस्यहरुलाई सहकारी शिक्षा अन्तरक्रिया तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरि सहकारी क्षेत्रमा देखा परेको अन्योल र विश्वासको कमीलाई कम गर्न संस्था निरन्तर प्रयासरत रहदै आएको छ । यस्ता सदस्य केन्द्रित कार्यक्रमहरु आगामी दिनहरुमा अझ प्रभावकारीरुपमा सञ्चालन गर्दै जाने छौं भन्ने यहाँहरु समक्ष प्रतिवद्धता पनि म गराउन चाहन्छु । साथै सहकारीहरु समाजको एउटा अभिन्न अङ्ग हो । यसका सात अन्तराष्ट्रिय सिद्धान्तमा पनि समुदायप्रति चासो भन्ने छ । त्यसलाई आत्मसाथ गर्दै यस संस्थाले पनि सामाजिक कार्यहरु गर्दै आइरहेको छ । यस संस्थाले आफ्नो कार्यविधि नै बनाई सरकारी स्कूलका गरिब जेहन्दार विद्यार्थीहरुलाई १२ कक्षासम्म निशुल्क अध्ययन गराउने व्यवस्था पनि गरेको छ । त्यस बाहेक पनि अन्य सामाजिक कार्यमा संस्थाको साथ सहयोग पनि गरिरहेको छ । यस वर्ष संस्थाले बर्दघाट नगरपालिका वडा नं.-२ सँगको साझेदारीमा बर्दघाट नगरपालिकाको दुर्गम बस्ती आम्बासमा २ दिने निशुल्क महिलाहरुको पाठ्यघरको मुखको क्यान्सर पूर्व परीक्षण कार्यक्रम सञ्चालन सफलता साथ सम्पन्न गरेको छ । यस बाहेक पनि रक्तदान कार्यक्रम विभिन्न खेलकुद तथा अन्य संघ सस्थाहरुमा पनि सहयोग पनि गर्दै आईरहेको छ । सस्थाले आफ्ना शेयर सदस्यहरुलाई सहकारी सम्बन्धित तथा संस्थाको बारेमा सु सुचित गर्दै लाने नीति बमोजिम यस वर्ष पनि निम्न अनुसारको कार्यक्रमहरु गर्न हामीहरु सफल भयौं ।

| क.स. | कार्यक्रम विवरण | सहभागि संख्या | कैफियत |
|---|---|---|---|
| १. | सहकारी शिक्षा,अन्तरक्रिया तथा वित्तिय साक्षरता कार्यक्रम | ४४५ जना | ३ वटा अन्तरक्रिया र ५ वटा सहकारी शिक्षा अन्य ८ वटा |

साथै संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व ठानी निम्न अनुसारको सामाजिक दायित्व अर्न्तगत कार्यक्रम पनि यही शिक्षा उप समितिको मार्फत गरेको कुरा यहाहस्लाई अवगत गराउन चाहान्छु ।

| क.स. | कार्यक्रम विवरण | सहभागि संख्या | कैफियत |
|---|---|---|---|
| १. | रक्तदान कार्यक्रम | ४८ | केन्द्रिय कार्यालय |
| २ | शिविर मार्फत | १६२ | केन्द्रिय कार्यालय |

अन्त्यमा, यस १४औं वार्षिक साधारण सभामा उपस्थिती जनाई संस्था प्रति यहाँहरुले देखाउनु भएको माया र विश्वास र भरोसालाई कदर गर्दै यो माया र विश्वास आगामी दिनमा अझ प्रगाढ र उपलब्धी मुलक हुने आशा गर्दै मेरो प्रतिवेदन यहि अन्त्य गर्दछु । जय सहकारी ।।।।

शिक्षा उप समिति
संयोजकः श्री आत्माराम भट्टराई
सदस्य : श्रीकला ज्ञवाली
सदस्यः अप्सरा श्रेष्ठ

# लेखा सू-परिवेक्षण समितिको वार्षिक प्रतिवेदन

**हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लि.**

**बर्दघाट न.पा. २, चिसापानी, नवलपरासी।**

**आ.व. २०८०/२०८१**



संयोजक:
कमलप्रसाद चापागाई

आदरणीय यस हाम्रो सुपर साकोसको १४औं वार्षिक साधारण सभाका श्रद्धेय सभापति महोदय, प्रमुख अतिथीज्यू, विशेष अतिथीज्यू, विभिन्न संघ संस्थाबाट पाल्नुहुने अतिथी महानुभावज्यूहरु, पूर्व सञ्चालकज्यूहरु, सञ्चारकर्मी एवं पत्रकार मित्रहरु, सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समितिका मित्रहरु तथा अन्य उपसमितिमा रहेर आफ्नो जिम्मेवारीलाई निभाउनु हुने पदाधिकारी मित्रहरु, व्यवस्थापक लगायत कर्मचारी वर्गहरु तथा उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरुमा लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागतका साथ सहकारीमय अभिवादन टक्राउँदछु स्वीकार्नु, सहकारी अभिवादन।

यस गरिमामय सभामा लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट आफ्नो प्रतिवेदन पेश गर्न पाउँदा मलाई निकै खुसी लागेको छ। आ.व. २०८०/२०८१ को अवधिमा यो समिति औपचारिक र अनौपचारिक सञ्चालक समितिको संयुक्त बैठकमा धेरै पटक बसी संस्थाको हर हिसाब तथा समग्र गतिविधीहरुको परिक्षण गरेका छौं। यस दौरानमा हामीले दिएका कतिपय सुझावहरुलाई सञ्चालक समिति तथा व्यवस्थापन पक्षले सुधार गर्दै यस स्थितीमा आउँदासम्म हामीले आफूले आफ्नो क्षमताले भ्याएसम्मको मेहनत गरी लागेका र देखेका थप कुराहरु सहकारी विभागद्वारा जारी सहकारी संघ/संस्था दर्ता, सञ्चालन, लेखा परिक्षण, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड २०६८ को दफा ११(४) सँग सम्बन्धित अनुसुची-२, को लेखा तथा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदनको ढाँचामा तपशिल बमोजिमको वार्षिक लेखा प्रतिवेदन पेश गरेका छौं। हामीले गरेका परिक्षणमा सबै कुराहरु नपरेका पनि हुन सक्छन् यद्पी हाम्रो क्षमता तथा बुद्धि विवेकले भ्याएससम्म समेट्ने प्रयास गरेका छौं। यदी कथम कदाचित कहि कतै कुनै पक्षमा छुट हुन गएको खण्ड्मा हामीलाई बन्द सत्र तथा अन्य अवसरहरुमा सुझाव दिनुहुनेछ भन्ने अपेक्षा लिएका छौं।

**१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :-**

क) यस आ.व.मा संस्था लिएको लक्ष्य अनुरुप शेयर सदस्य संख्या ५४०१ जना रहेको पाइयो।

ख) संस्थाको कुलपूँजीमा लिएको संसोधित लक्ष्य अनुसार १०० प्रतिशत पुरा भएको पाइयो।

ग) वार्षिक बजेट तथा योजना अनुसार नै संस्थाको अधिकांश कार्यक्रमहरु सञ्चालन भएको पाइयो।

घ) शिक्षा उप-समितिलाई जिम्मेवारी बनाउनु पर्ने देखियो।

ङ) बचत, शेयर र ऋणमा लिएको लक्ष्य पनि पूरा भएको पाइयो।

च) अधिकांश शेयर सदस्यहरुलाई रु. २,०००/- शेयर वृद्धि गर्ने भनिएकोमा पूरा नभएको पाईयो।

छ) संस्थाको जगेडा कोष ५ प्रतिशतभन्दा बढि गर्ने भनिएको पूरा भएको पाइयो।

२. आ.व. २०८०/२०८१ **मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :-**

क) सञ्चालक समितिको बैठक प्रत्येक महिनाको पहिलो शनिबार दिउँसो ३ बजेदेखि बैठक बस्ने गरेको पाईयो। सञ्चालक समितिले गरेका अधिकांश निर्णयहरु कार्यान्वयन भएको।

ख) संयुक्त बैठकहरु बसी जिम्मेवारी बाँडफाँड गरिएको र संस्थागत विश्लेषण गरिएको पाइयो।

ग) सञ्चालक समितिको बैठक २ घण्टा भन्दा बढि समय नलिएको पाइयो।

घ) प्रत्येक ३/३ महिनामा सल्लाहाकार, लेखा समिति र सञ्चालक सहितको समिक्षा बैठक बस्ने गरेको पाइयो।

## बैठकको स्थिती

मिति २०८० श्रावणदेखि २०८१ असारसम्मको समितिको बैठक सम्बन्धि विवरण तपशिल बमोजिम भएको पाइयो।

| क्र.स. | पदाधिकारीहरुको नाम, थर | पद | बैठक संख्या | उपस्थिती पटक | उपस्थिती प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खेमराज सुवेदी | अध्यक्ष | १५ | १४ | ९३.३३ | |
| २ | सावित्री ढुवाडी | उपाध्यक्ष | १५ | ११ | ७३.३३ | |
| ३ | बिष्णु प्रसाद बराल | सचिव | १५ | १५ | १०० | |
| ४ | रुक्मागत पाण्डे | कोषाध्यक्ष | १५ | १३ | ८६.६६ | |
| ५ | विमल कुमार श्रेष्ठ | सदस्य | १५ | ९ | ६० | |
| ६ | खगिसरा राना | सदस्य | १५ | १० | ६६.६६ | |
| ७ | तिल कुमारी श्रेष्ठ | सदस्य | १५ | ११ | ७३.३३ | |
| ८ | पार्वती भट्टराई | सदस्य | १५ | १५ | १०० | |
| ९ | आत्माराम भट्टराई | सदस्य | १५ | १३ | ८६.६६ | |
| १० | मनोहर रायमाझी | सदस्य | १५ | ७ | ४६.६७ | |
| ११ | टेकनाथ अर्याल | सदस्य | १५ | ७ | ४६.६७ | |

३. **ऋण लगानीको प्रक्रिया, ऋण सुरक्षण वा धितो सम्बन्धि व्यवस्था :-**

क) ब्यक्तिगत बचत जमानीमा मासिक बचतकर्ताहरुलाई प्रति सदस्य रु. ३० हजारसम्म र २ जनासम्मको धन जमानीमा बढिमा रु. ५० हजारसम्म त्यसै गरी मासिक बचतको आधारमा तथा दैनिक बचत कर्ताहरुलाई बचतको दुई गुणा तर रु. २ लाख नबढ्ने गरी र धितोमा बढिमा धितो बन्धक गरी बढिमा रु. ३५ लाखसम्म लगानी गरेको पाईयो।

ख) सेवा केन्द्रहरुमा सेवा केन्द्र प्रमुखहरुले रु. २ लाखसम्म, रु.१० लाखसम्मको ऋण लगानी व्यवस्थापकबाट, रु.१० लाखदेखि २० लाखसम्मको ऋण लगानी ऋण उपसमितिबाट र सो भन्दा माथिको लगानी ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिले स्वीकृत गरेपछि लगानी भएको देखियो।

ग) सुरक्षित धितो तथा बचत जमानीमा सदस्यहरुलाई उत्पादनशिल र स्वरोजगारमुलक कार्यका लागि लगानी गर्न सुझाव दिईन्छ।

घ) बचत जमानीमा आजको आजै तत्काल लगानी भएको देखिन्छ भने धितो लगानीमा ३ दिनदेखि ७ दिनभित्र लगानी भएको देखिन्छ।

ङ) हालसम्म सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र ऋण उपसमितिका पदाधिकारीहरुबाट ३० लाखभन्दा बढि कर्जा नलिएको देखिन्छ।

च) बचत जमानीको ९०% सम्म ऋण लिँदा बचतको व्याजमा थप २% र प्रशासनिक शुल्कमा पनि नलिएको पाईयो।

छ) धितो तथा बचत जमानीमा गरिएका ऋणहरुको लागि चाहिने आवश्यक कागजपत्रहरु पूरा गरि मात्र ऋण लगानी गरिएको पाइयो।

ज) ऋण नीति २०७५ र संसोधन नीति २०७७ निर्माण भएको पाइयो।

झ) ऋण लगानीको अधिकतम सीमा ३५ लाखसम्म निर्धारण गरिएको पाइयो।

ञ) भाखा नाघेको ऋणको लागि ऋणको सुरक्षण प्रत्येक महिना ऋण सुरक्षणकोषको व्यवस्था गरेको पाइयो।

ट) १२ महिनाभन्दा बढि ऋणको भाखा बढि भएकोले असुलीमा ध्यानदिनुपर्ने देखिन्छ।

ठ) रु. १० लाखभन्दा बढि ऋण लगानी गर्दा धितो मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गर्ने गरेको पाइयो।

ड) वर्तमान अवस्थामा ऋण लगानी एकदमै चनाखो भएर ऋण लगानी गर्ने र भाखा नाघेको ऋणमा कम गर्नुपर्ने देखिन्छ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धि संक्षिप्त विवरण :-**

क) सहकारी विभागबाट जारी गरिएका मापदण्ड विपरित संस्थाले संस्थागत हित विपरित तथा व्यक्तिगत हितका लागि कुनै कार्य गर्ने गरेको पाइएन।

ख) संस्थाको साधारण सभा आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र सम्पन्न गर्नुपर्नेमा सो गरेको पाईयो।

ग) संस्थाको सुचना पाटी प्रयोग गरेको पाइयो, त्यसैगरी वडापत्रको प्रयोग गर्ने गरेको पाईयो।

घ) प्रत्येक मासिक बैठकमा अघिल्लो महिनाको आम्दानी खर्चको विश्लेषण गर्नुपर्ने र सोको अवस्था बारे छलफल हुनुपर्ने देखिन्छ। भएको पाइयो।

ङ) सुझाव सङ्कलनको लागि सुझाव सङ्कलन पेटिका राखिएको पाइयो।

च) स्वेतपत्र प्रकाशन गरेको नपाइएकोले यसलाई कार्यान्वयन गर्न सुझाव दिइन्छ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धि विवरणहरु :-**

बेला बखतमा हुने गरेका सहकारी कार्यालयहरुको अनुगमनको सुझावलाई कार्यान्वयनको पाटोमा अगाडि बढाउँदै लैजाने गरिएको देखिन्छ।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :-**

६.१ **पारिश्रमिक :–** नलिएको ।

६.२ **भत्ता :–** नलिएको ।

६.३ **अन्य सुविधा :–** वर्षभरि जति पटक बैठक बसे तापनि १२ पटक मात्र सञ्चालक समितिलाई बैठक भत्ता वापत रु. ५०० कर कट्टी गरि प्रदान गरिएको पाइयो । अध्यक्षलाई रु. ५,०००/- र सेवा केन्द्र संयोजकलाई रु. २,०००/- सुचना, संचार तथा यातायात खर्च वापत लिने गरेको गरिएको पाईयो । र अन्य उप समिति लगायतलाई पनि प्रति बैठक रु. ४०० कर कट्टी गरि प्रदान गरेको पाइयो ।

**७. कर्मचारी प्रशासन सम्बन्धि व्यवस्था :–**

**७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धि नियमावली भए⁄नभएको :–** मानव संसाधन नीति २०७५ निर्माण भएको ।

**७.२ कर्मचारी प्रशासनिक नियमावली प्रयोगमा ल्याइएको⁄नल्याइएको :–** प्रयोगमा ल्याईएको ।

**७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्प्रधी भएको⁄नभएको :–** भएको ।

**७.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको⁄नरहेको :–** नरहेको ।

**७.५ व्यवस्थापन प्रमुखको योग्यता क्षमता सम्बन्धि विवरण :–** शैक्षिक योग्यता स्नातोकोत्तर, अनुभव १४ वर्ष सहकारीमा अनुभवी ।

**७.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या :–**

करार :- ०

अस्थायी :- १२ जना

स्थायी :- ५ जना

परिक्षणकाल :- २ जना

- कर्मचारीहरुले लिने पारिश्रमिकमा १% कर काटेर लिएको पाईयो । र सामाजिक सुरक्षाकोषमा आवद्ध भएको पाइयो ।

**८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :–**

क) अधिकांश सुझावहरु कार्यान्वयन भएको देखिन्छ।

ख) सञ्चालक एवं लेखा समितिका सम्पूर्ण सदस्यहरुको शेयर रकम रु. औषत शेयर खरिद गरेको हुनुपर्ने बारे निर्णय भएकोमा त्यो कार्यान्वयन भएको ।

ग) व्यवस्थापन तथा अन्य उपसमिति सहित प्रत्येक ३/३ महिनामा खराब कर्जाको विश्लेषण गरी आवश्यकता अनुसार घरदैलो कार्यक्रम समेत गर्नुपर्ने सुझाव कार्यान्वयन भएको । तर पनि ऋण अनुगमन कार्यलाई अझै प्रभाकारी रुपमा अगाडि बढाउनु पर्ने देखियो ।

घ) सुरक्षित धितोमा ऋण लगानीको परिपाटिको विकास भएको ।

ङ) रु. १० लाखभन्दा बढिको लगानीमा धितो मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराउने भन्ने कुरा कार्यान्वयन भएको ।

च) प्रत्येक सेवा केन्द्रहरुमा न्यूनतम २ जना कर्मचारी राख्ने भन्ने कुरा कार्यान्वयन भएको पाइयो।

छ) २ वर्षभन्दा बढिको भाखा नाघेको ऋणलाई अपलेखन गर्ने भनिएकोमा प्रक्रियामा रहेको पाइयो।

च) नेपाल सरकारको न्यूनतम तलबमान तथा श्रम ऐन अनुसार तलब हुनुपर्ने भनी दिएको सुझाव कार्यान्वयन भएको पाइयो।

छ) बाह्य लेखापरिक्षण सि.ए. बाट गराउने सुझाव दिइएकोमा सो कार्यान्वयन भएको पाइयो।

**९. लेखा समितीले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :-**

क) संस्थाले आधुनिक सफ्टवेयरका जडान गरी मोबाइल बैंकिङ्ग सुविधा प्रदान गरेको पाईयो, यस क्रममा विभिन्न कम्पनिका रेमिटान्स सेवाहरु संस्थाका विभिन्न शाखाहरुमा समेत थप गर्दै लैजान सुझाव छ।

ख) संस्थामा मौजुदा रहेको संस्था सञ्चालन नीतिलाई समय अनुसार परिमार्जन गरी पालना गरेको पाइयो।

ग) संस्थामा बचत रकममा सुधार भएको छ यस कार्यलाई निरन्तरता पाइरहोस भन्ने सुझाव छ। संस्थाले सञ्चालन गरेका अधिकांश बचतका योजनाहरुमा सदस्यहरुको आर्कषण रहेको पाइयो।

घ) संस्थामा बचत रकममा सुधार भएको छ यस कार्यलाई निरन्तरता पाइरहोस भन्ने सुझाव छ। संस्थाले सञ्चालन गरेका अधिकांश बचतका योजनाहरुमा सदस्यहरुको आर्कषण रहेको पाइयो।

ङ) संस्थाको जगेडा कोष बृद्धि गर्न सुझाव दिइन्छ।

च) संस्थाको डाटाहरु सुरक्षितरुपमा राखेको पाइयो।

छ) कर्मचारीहरुलाई समय भन्दा अतिरिक्त सेवा लिनु पर्दा नियमानुसार अतिरिक्त पारिश्रमिक दिईनु पर्ने तर अतिरिक्त सेवा लिनुको कारण खुलाउनु पर्नेछ।

ज) ऋणको जोखिम नियन्त्रणको लागि ऋणीको बिमा गरेको पाइयो।

झ) २ वर्षभन्दा बढि भाखा नाघेको ऋणको अपलेखन गर्न सुझाव दिइन्छ।

ञ) सरकारको न्यूनतम तलब तथा श्रम ऐन अनुसार न्यूनतम तलब प्रदान गर्नुपर्नेमा प्रदान नभएकोले प्रदान गर्नुपर्ने देखिन्छ।

ट) वर्तमान समयमा ऋण असुलीमा देखिएको समस्यालाई हल गर्न गर्नको लागि नयाँ योजनाका साथ लाग्नको लागि सुझाव दिइन्छ।

ठ) प्रत्येक सेवा केन्द्रहरुमा न्यूनतम २ जना कर्मचारी कामको चाप हेरी राख्नको लागि सुझाव दिइन्छ।

**१०. लेखा समितिको सुझावहरु :-**

क) अन्तर सहकारी सुचनाको व्यवस्था मिलाउन व्यवस्थापन पक्षले पहल गर्नुपर्ने देखिन्छ।

ख) संचालक समितिका अध्यक्ष लगायत अन्य सञ्चालक सदस्यहरुले दिएको समयलाई उच्च मूल्याङ्कन गर्दै, अझै संस्थालाई उपयूक्त समय दिई निर्णय प्रक्रियालाई छिटो छरितो बनाउनुपर्ने देखिन्छ।

ग) संस्थामा सदस्यहरुलाई दिगो रुपमा टिकाई राख्नका लागि विभिन्न समयमा सहकारी शिक्षा, तालिम तथा गोष्ठिहरुको सञ्चालनमा तिव्रता ल्याउने र शिक्षा उपसमितिलाई सक्रिय बनाउनु पर्ने देखिन्छ।

घ) संस्थाको खराब ऋणको जोखिम कम गर्न जोखिम बहन गर्ने कोषमा नियमानुसार रकम छुट्याई त्यस किसिमका ऋण असुलीमा तिव्रता ल्याउनुपर्ने देखिन्छ।

ङ) सञ्चालकहरु संस्थाको परिकल्पना, ध्येय र उद्देश्य प्रति स्पष्ट धारणा बनाई व्यवस्थापक लगायत कर्मचारीहरुलाई स्पष्ट निर्देशन दिनुपर्ने देखिन्छ।

च) सञ्चालक समितिलाई समितिले अघिल्लो बैठकमा गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था हेरी निर्णय गर्ने बानीको विकास गर्न सुझाव छ, किन भने निर्णय र कार्यान्वयन दुबै एक अर्काका परिपूरक हुन, निर्णय गर्ने तर कार्यान्वयनको पक्षमा ध्यान नदिने गर्नाले संस्था अगाडि बढ्न सक्दैन्।

छ) स्थायी दायित्व सृजना हुने कुनै पनि निर्णय गर्नुपर्दा लेखा समिति समेतको सहमति रहनु पर्ने देखिन्छ।

ज) खर्च गर्दा सो खर्चले गर्ने आम्दानीको प्रत्याभूति गर्नुपर्ने देखिन्छ।

झ) प्रोब्यासन तथा एक्सेस ब्राण्ड प्राप्त गर्न गरिएको प्रयास सराहनीय छ। यसको निरन्तरताको लागि प्रयास गरिरहनु पर्ने देखिन्छ।

ञ) संस्थाले बनाएका वार्षिक तथा व्यवसायिक रणनैतिक योजनाहरु पूर्णरुपमा कार्यान्वयन गर्न सुझाव दिइन्छ। साथै यस वर्षबाट रणनैतिक योजना सकिने भएकोले नयाँ योजना बनाउनको लागि सुझाव छ।

ट) सञ्चालकहरु संस्थाले निर्माण गरेका नीति, कार्यविधि, निर्देशिकाहरुको बारेमा जानकार हुनुपर्ने देखिन्छ।

ठ) अहिलेको वर्तमान अवस्थामा तरलताको अभावलाई व्यवस्थित गर्नको लागि योजनाहरु ल्याउनुपर्ने देखिन्छ , भने शेयर सदस्यहरुलाई मासिक बचतको महत्व बुझाई मासिक बचत गर्न प्ररित गर्नुपर्ने देखिन्छ।

अन्त्यमा, संस्थालाई यहाँसम्म पुऱ्याउन प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने र आजको यस गरिमामय सभालाई सफलतापूर्वक सम्पन्न गराउन सहयोग गर्नुहुने उपस्थित सम्पूर्ण महानुभाव ज्यूहरुमा मेरो व्यक्तिगत तर्फदेखि र समग्र लेखा तथा सुपरिवेक्षण समितिको तर्फदेखि हार्दिक धन्यवाद ज्ञापन गर्दै बिदा हुन चाहन्छु, ॥

धन्यवाद,

जय सहकारी,

जय हाम्रो सुपर .....॥

**संयोजकः कमल प्रसाद चापागाई**

**सदस्य : विमल प्रसाद पन्थी**

**सदस्य : कमला गुरुङ्ग**

K.B.G. & ASSOCIATES
Chartered Accountants

ICAN Regd. No.: 935
Patangri Marg, Thapathali Height
Kathmandu, Nepal
Website: www.kbg.com.np

**हाम्रो सूपर बचत तथा ऋण सहकारी संस्था लिमिटेडका शेयर सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**लेखापरीक्षकको प्रतिदावी राय** *(वित्तिय विवरणमा राय व्यक्त गर्न अस्वीकार)* **:**

हामीले **हाम्रो सूपर बचत तथा ऋण सहकारी संस्था लिमिटेड** (यसपछि संस्था भनिएको) को वित्तीय विवरणहरु, जसले २०८१ साल असार मसान्तको वित्तीय स्थित विवरण, सो मितिमा समाप्त भएको आ.व. २०८०/८१ को आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तिय विवरणहरुसँग सम्बन्धित नीति तथा टिप्पणीहरु समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेको छौ ।

'प्रतिदावी रायको आधार' अनुच्छेदमा उल्लेख गरिएको विषयको कारण नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standards for SMEs) लागु गर्दा त्यसले वित्तिय विवरणमा पार्ने प्रभावको परिमाणिकरण गर्ने पर्याप्त प्रमाणहरुको आभावमा, हामी यस संस्थाको आ.व. २०८०/८१ को वित्तिय विवरणहरुमा आफ्नो राय व्यक्त गर्न असमर्थ छौं ।

**प्रतिदावी रायको आधार :**

संस्थाको आ.व. २०८०/०८१ को वित्तिय विवरण नेपाल लेखामान बोर्ड (ASB) ले जारी गरेको तथा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (ICAN) द्वारा वित्तीय विवरण प्रस्तुति सम्बन्धी लागु गरिएको नेपाल वित्तिय प्रतिवेदन मान ( NFRS for SMEs) बमोजिम तयार गरिएको छैन । संस्थाले प्रस्तुत गरेको वित्तिय विवरणमा नेपाल वित्तिय प्रतिवेदन मान लागु गर्नाले पर्ने असार झल्किने गरी आवश्यक विवरणहरु उल्लेख गरिएको छैन । नेपाल वित्तिय प्रतिवेदन मान लागु गर्नाले वित्तिय विवरणमा पर्ने समग्र प्रभाव अनिश्चित, सारभुत र व्यापक समेत हुन सक्दछ ।

हामीले नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । उक्त मानहरु अनुसार हामीले बहन गर्नुपर्ने उत्तरदायित्व यसै प्रतिवेदनको अनुच्छेद " लेखापरीक्षकको उत्तरदायित्वहरु " अर्न्तगत वर्णन गरिएको छ । लेखापरीक्षणको लागि आवश्यक सान्दर्भिक नैतिकता तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको " ICAN'S HANDBOOK OF CODE OF ETHICS FOR PROFESSIONAL ACCOUNTANTS" अनुसार पालना गर्नुपर्ने आचार संहिता बमोजिम संस्थासँग हामी स्वतन्त्र छौं र हामीले पुरा गनुपर्ने अन्य नैतिक जिम्मेवारीहरु माथी उल्लेखित आवश्यकताहरुका साथै ICAN'S HANDBOOK OF CODE OF ETHICS FOR PROFESSIONAL ACCOUNTANTS बमोजिम पुरा गरेको छौं । हामीले प्राप्त गरेको लेखापरीक्षणका प्रमाणहरु र प्रक्रियाले हाम्रो रायका लागी पर्याप्त तथा उचित आधार प्रदान गर्दछ भन्नेमा हामी विश्वस्त छौं ।

**विषय अनुच्छेदहरुको जोड :**

- संस्थाको वित्तिय विवरणहरु पहिलेको वित्तिय लेखामान (Previous GAAP) अनुसार तयार गरिएको छ ।
- संस्थाको वित्तिय विवरणको,
  - अनुसुची ३.६ मा उल्लेख भए बमोजिम असुली हुन बाँकी पाउनुपर्ने व्याज आम्दानी रकम रु ५,२२१,९९९।३५ लाई व्याज मुल्तबी खाताबाट घटाएर प्रस्तुत गरिएको छ । जसअनुसार असुली हुन बाँकी पाउनुपर्ने व्याज आम्दानी गत आ.व. को तुलनामा १।०४ अनुपातले बृद्धि भएको छ ।
  - अनुसुची ३.७ मा उल्लेख भए बमोजिम कर्जा भूक्तनी तालिका अनूरुप नियमित व्याज तथा साँवा पटक पटक जानकारी गराउंदा पनि भूक्तनी नगरेका कर्जा उपयोगी सदस्यहरु *(विष्णू प्रसाद न्यौपाने र सुशिला*

*बराली )* बाट कर्जा असूलीको निमित्त संस्थाले सम्बधित कर्जामा रहेका धितो (जग्गा) लिलाम बिक्रिको सम्पुर्ण प्रक्रिया पूरा गरि स्वयं संस्थाले सकारेको जग्गाहरुलाई घरजग्गाको न्युनतम/पञ्चकृत मुल्य कायम गरि तथा वर्तमान अवस्थासम्म ल्याउन लागेका सबै खर्चहरुलाई जग्गाको लागतमा जोडी गैर बैकिङ्ग सम्पत्तिमा देखाईएको छ ।

संस्थाले कर्जा तथा व्याज असुलउपर योजना अर्न्तगत केहि खराब तथा शंकास्पद कर्जाहरु असुलउपर गरेता पनि देशैभरि देखिएको आर्थिक समस्या तथा अन्य विभिन्न कारणहरुले गर्दा समग्र कर्जा जोखिम कायम रहेको हुदां कर्जा असुलउपर गर्न बिषेश कदम चाल्नहुन सुझाव दिन चाहन्छौं ।

**व्यवस्थापनका उत्तरदायित्वहरु :**

प्रचलित कानुन तथा नेपाल वित्तिय प्रतिवेदन मान वित्तिय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु **हाम्रो सूपर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अर्न्तगत विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छिन्नता कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यावहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर सञ्चालन हुने क्षमताको मूल्यङ्कन गर्ने, आवश्यक खुलासा गर्ने र निरन्तरताको सिद्धान्तमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरण तयार गर्न समेत व्यवस्थापन पुर्ण रुपले जिम्मेवार हुन्छन् ।

सुशासनसंग सम्बन्धित व्यक्तिहरु संस्थाको वित्तिय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**लेखापरीक्षकको उत्तरदायित्वहरु :**

प्रस्तुत वित्तीय विवरणहरु माथि लेखापरीक्षणको आधारमा आफ्नो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मान बमोजिम सम्पन्न गरेको छौ । ती मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्न तथा वित्तीय विवरणहरु सारभुत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न, लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिबार्य गराउंछ । लेखापरीक्षण अन्तर्गत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टी गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधिहरू संलग्न हुन्छ । यसरी छनोट गरिएको कार्यविधिहरू सारभुत रुपमा त्रुटीयुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ ।

मनासिब आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएता पनि सारभुत त्रुटीहरू विद्यमान रहेको अवस्थामा लेखापरीक्षण मान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभुत त्रुटीहरू सधैं पहिचान हुन्छ भन्ने आश्वस्थता रहदैन । सारभुत गलत प्रस्तुति जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग-अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने अपेक्षा गरिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायिक संशयता कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौ । साथै हामीले:

- वित्तीय विवरणमा जालसाजी वा त्रुटिबाट हुन सक्ने सारभुत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मूल्यांकन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारका लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाइ समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजी बाट हुने सारभुत गलत प्रस्तुतिहरुको पहिचान नहुने जोखिम अधिक रहन्छ ।

K.B.G. & Associates Kathmandu Chartered Accountants

- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धि राय व्यक्त गर्ने उद्धेश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको औचित्य लेखा अनुमानको व्यवहारिकता तथा लेखा सम्बन्धी खुलासाहरूको मूल्यांकन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरताको सिद्धान्तमा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरू संग सम्बन्धित सारभुत अनिश्चतताको कारणले संस्थाको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभुत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तिय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतिकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अन्तरनिहित कारोबार एवमं घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं ।

हामीले व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरुलाई अन्य बिषयका अतिरिक्त, लेखापरीक्षण कार्ययोजना, समय तालिका र लेखापरीक्षणका दौरान भेटिएका महत्वपूर्ण टिप्पणीहरु लगायतका संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरूको जानकारी गराउंदछौं ।

**अन्य कानूनी र नियामक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदन :**

सहकारी ऐन, नियम, मापदन्ड, संस्थाको बिनियम, सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९, विभागीय परीपत्रहरु तथा आयकर ऐन, नियमावली साथै अन्य नियामक निकायका आवश्यकताहरु समेतको आधारमा लेखापरीक्षणका दौरान भेटिएका हाम्रा टिप्पणीहरु निम्नानुसार बुंदागत रुपमा उल्लेख गरिएको छ । उल्लेखित बुंदाहरुको विस्तृत जानकारी संस्थाको व्यवस्थापनलाई पेश गरिएको व्यवस्थापन पत्र (प्रारम्भिक प्रतिबेदन ) मा रहेको छ ।

- सहकारी ऐन २०७४ अनूसार सहकारी संस्थाबाट सदस्यले जुन प्रयोजनको लागि कर्जा सुबिधा लिएको हो सोहि प्रयोजनमा लगाउनु पर्दछ । संस्थाले कर्जा नीतीमा स्पष्ट ब्यवस्था गरी कर्जा सदुपयोगिता आवधिक रुपमा अनिवार्य गर्ने ब्यवस्था मिलाउनु पर्दछ ।
- सम्पत्ति शुद्धिकरण निवारण ऐन र नियमावली र सहकारीको लागि जारी भएका सम्बन्धित निर्देशनहरुमा भएका व्यवस्थाहरुको प्रभावकारी रुपमा पालना गर्नुपर्ने देखिन्छ । साथै संस्थाले सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका अनुसरण गरी सदस्यहरुको कारोबार जोखिम समेत वर्गीकरण गर्नुपर्ने देखिन्छ ।
- यस आ. ब. को आषाढ मसान्तमा संचालकहरु, सल्लाहाकार तथा लेखा सुपरिवेक्षण समिती मध्ये ४९ प्रतिशत भन्दा धेरै जनाले ऋण लिएको पाइयो । *( बिस्तृत जानकारी संलग्न वित्तिय विवरणको अनुसुची नं ३.२८ मा रहेको छ )*
- संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको पुंजी कोषको १० प्रतिशतमा नबढाई ऋण प्रदान गर्नुपर्ने देखिन्छ ।
- संस्थाले COPOMIS (ब्यवस्थापकिय एवं कारोवार सम्बन्धि) सूचनाहरु नियमत रुपमा अनलाइन इन्ट्री तथा वार्षिक वित्तीय प्रतिवेदन तोकिएको ढाँचामा एकीकृत व्यवस्थापन सूचना प्रणालीमा दाखिला गर्नुपर्ने देखिन्छ ।
- सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन, २०७९ बमोजिम संस्थाले कुल निक्षेप रकमको १०-१५ प्रतिशत रकम नघटाई तरलता कायम राख्नु पर्नेमा नियमित रुपमा सोको पालना गर्नु पर्ने देखिन्छ ।
- प्रदेश सहकारी ऐन, २०७६ को दफा ४६ (७) बमोजिम बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरुमा ऋण लगानी गर्दा कुल लगानिको ६० प्रतिशत रकम उत्पादनमुलक क्षेत्रमा लगानी गर्नु पर्ने देखिन्छ ।
- सहकारी ऐन, नियमायली तथा संस्थाको विनियम बमोजिम सहकारी संस्थाले कर्जा लगानी गर्दा ऋणीबाट कर्जा रकम असुल उपर हुने मूल्यांकन आउने धितो बन्धक अनिवार्य लिनु पर्ने देखिन्छ ।
- संस्थाले आफ्नो कार्यालयमा रहने मार्गस्थल नगदको विमा गर्नु पर्ने देखिन्छ ।

K.B.G & Associates Kathmandu Chartered Accountants

- संस्थाले शेयर सदस्य बनाउँदा कार्यक्षेत्र बाहिरको नागरिकता भएका (कार्यक्षेत्र भित्र अस्थाई बसोबास गर्ने सदस्यको हकमा, कार्यक्षेत्र भित्र बसोबास तथा व्यवसाय गरि बसेको प्रमाणित हुने कागजपत्रहरु पूर्णरुपमा अध्यावधिक भई नसकेकाले, सिघ्र रुपमा KYM मार्फत कागजातहरु अध्यावधिक गर्नुपर्ने देखिन्छ ।
- सहकारी ऐन २०७४ को दफा ८०(१) तथा सहकारी नियमावली २०७५ को नियम ३८ अनूसार संस्थाबाट कर्जा लिई भाकाभित्र सांवा ब्याज फिर्ता नगर्ने सदस्यको नाम नावेशि सहितको कालोसुचि प्रकाशन गर्नुपर्ने ब्यावस्था रहेकोमा संस्थाले सो ब्यावस्था पालना गर्नु पर्ने देखिन्छ ।
- संस्थाले संचालक समिति सदस्यलाई कर्जा प्रबाह गर्दा छोटो अवधिको र प्रवाह गरेको ऋण तथा धितोको विवरण मासिक रुपमा नियामकलाई पठाउनु पर्ने देखिन्छ ।
- संस्थाले सदस्यहरुलाई पुरानो कर्जा चुक्ता नहुदै थप कर्जा प्रवाह गरेको पाईयो जुन सहकारी ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुरुप छैन ।
- सहकारी ऐन २०७४ , सहकारी नियमावली २०७५ बमोजिम सदस्यहरुलाई प्रदान गर्ने व्याज दर र ऋण लगानी गर्दा लिने व्याज दरको अन्तर ६ प्रतिशत भन्दा कम राख्नु पर्ने व्यवस्था रहेकोमा संस्थाले सोही नियमानुसार लिने दिने व्याज दरमा ५.४३ प्रतिशत औसत स्प्रेड दर कायम राखेको छ ।
- नगद मौज्दात तथा संस्थामा भएका अन्य सम्पत्तिहरुको समय समयमा भौतिक परिक्षण गरी रहनु पर्ने देखिन्छ ।
- हाम्रो रायमा हामीलाई प्राप्त जानकारी तथा स्पषटीकरण अनुसार संस्थाको हिसाब किताबको परीक्षणबाट सन्चालक समिति वा सो को कुनै सदस्य वा कुनै कर्मचारीले कानुन बिरुद्ध कामकाज वा बेहिसाब गरेको वा संस्थालाई हानी नोक्सानी गरेको, गराइएको वा संस्थाको तथा निक्षेप कर्ताहरुको हित र संरक्षण नहुने काम गरेको जानकारीमा आएन ।

**संगम ज्ञवाली**
*साझेदार*

**के.बि.जि एन्ड एसोसिएट्स**
*चार्टर्ड एकाउन्टेन्ट्स*

स्थानः काठमाडौं
मिति : २०८१/०६/१५

पे. प्र. नं. १०४८
युडियन नं. 241026CA014302aDYD

**हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
वर्दघाट, नवालपरासी
**श्रावण १, २०८० देखि असाढ ३१, २०८१ को वासलात**

*रकम रु.*

| बिबरण | अनुसुची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पति** | | | |
| **स्थिर सम्पति** | | | |
| अचल सम्पति | ३.१ | २,०४२,४८५।२१ | २,५५८,५१२।१७ |
| लगानी | ३.२ | १४,८७१,७००।७९ | १५,९१२,५६८।८९ |
| **कुल स्थिर सम्पति** | | **१६,९१४,१८६।००** | **१८,४७१,०८१।०६** |
| **चालु सम्पति** | | | |
| नगद मौज्दात | ३.३ | ७९८,७३०।०० | ४३५,०२५।०० |
| बैक तथा वित्तिय संस्थामा रहेको मौज्दात | ३.४ | ६०,९२३,२३५।४२ | ३९,९५४,९३७।०४ |
| कर्जा लगानी | ३.५ | २९२,९०३,३६१।९४ | २५५,२४१,७०२।७७ |
| अन्य सम्पतिहरु | ३.६ | ४,०६६,१७४।१० | ३,७१७,२१५।९३ |
| गैर बैकिङ्ग सम्पत्ति | ३.७ | २,२६५,०००।०० | ०।०० |
| **कुल चालु सम्पति** | | **३६०,९५६,५०१।४६** | **२९९,३४८,८८०।७४** |
| **कुल सम्पति** | | **३७७,८७०,६८७।४६** | **३१७,८१९,९६१।८०** |
| **शेयर पुंजि तथा दायित्व** | | | |
| शेयर पुंजि | ३.८ | ३०,९६४,९००।०० | ३१,०५८,१००।०० |
| **कोषहरु** | | | |
| जगेडा तथा अन्य कोष | ३.९ | २०,५२७,४००।६५ | १८,५४६,४८७।२३ |
| **कुल शेयर पुंजि** | | **५१,४९२,३००।६५** | **४९,६०४,५८७।२३** |
| **स्थिर दायित्व** | | | |
| ऋण तथा सापटी | ३.१० | ०।०० | ०।०० |
| स्थगन कर दायित्व | ३.११ | ०।०० | ०।०० |
| ऐच्छिक कोषहरु | ३.१२ | ४,०११,९५८।१५ | ३,९७१,६४८।४० |
| **कुल स्थिर दायित्व** | | **४,०११,९५८।१५** | **३,९७१,६४८।४०** |
| **चालु दायित्व** | | | |
| ऋण तथा सापटी | ३.१० | ०।०० | १०,०००,०००।०० |
| वचत दायित्व | ३.१३ | ३०८,५३४,५३८।२० | २४२,४९४,८६४।६५ |
| अन्य चालु दायित्व | ३.१४ | २,४८८,३४६।८० | १,५३९,५०६।९१ |
| आयकर व्यवस्था | ३.१५ | ६४२,०३४।५३ | २७२,२१०।७४ |
| कर्जा तथा नोक्सान व्यवस्था | ३.१६ | १०,७०१,५०९।१३ | ९,९३७,१४३।८७ |
| **कुल चालु दायित्व** | | **३२२,३६६,४२८।६६** | **२६४,२४३,७२६।१७** |
| **कुल शेयर पुंजि तथा दायित्व** | | **३७७,८७०,६८७।४६** | **३१७,८१९,९६१।८०** |

यसै मितिको संलग्न प्रतिवेदन अनुसार

| | |
|---|---|
| प्रमुख लेखा नितिहरु | १,२ |
| अन्य व्याख्यात्मक अनुसुचीहरु | ३ |

| | | | |
|---|---|---|---|
| डिल बहादुर शाही<br>लेखा अधिकृत | विष्णु बहादुर बस्नेत<br>व्यवस्थापक | रुक्मागत पाण्डे<br>कोषाध्यक्ष | विष्णु प्रसाद बराल<br>सचिव |
| साबित्री ढुवाडी<br>उपाध्यक्ष | खेम राज सुवेदी<br>अध्यक्ष | कमल प्रसाद चापागाई<br>संयोजक<br>लेखा सुपरिवेक्षण समिति | सिए. सुराम ज्ञवाली<br>साझेदार<br>के.बि.जि. एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्टस् |

स्थान : बर्दघाट
मिति: ३०/०५/२०८१

## हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
वर्दघाट, नवलपरासी

## नाफा तथा नोक्सान हिसाब
श्रावण १, २०८० देखि असार ३१, २०८१

*रकम रु.*

| बिबरण | अनुसुची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **ब्याज आम्दानी** | | | |
| कर्जा लगानी बाट ब्याज आम्दानी | ३.१७ | ४०,५९०,४९०।६९ | ३७,८९०,६२२।९७ |
| निक्षेपमा ब्याज खर्च | ३.१८ | २५,०८६,४०५।४२ | २२,२६२,५९९।६५ |
| **खुद ब्याज आम्दानी** | | **१५,५०४,०८५।२७** | **१५,६२८,०२३।३२** |
| शुल्क तथा कमिशन आम्दानी | ३.१९ | ३,८७९,७०२।१७ | ३,२३७,४९०।३० |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **१९,३८३,७८७।४४** | **१८,८६५,५१३।६२** |
| अन्य आम्दानी | ३.२० | २,०३७,९३०।०६ | १,५९७,६०१।२३ |
| **कुल संचालन आम्दानी** | | **२१,४२१,७१७।५०** | **२०,४६३,११४।८५** |
| गत वर्षसम्मको कर्जा नोक्सानी व्यबस्था फिर्ता आम्दानी | ३.१६ | ९,९३७,१४३।८७ | ८,८२५,४३६।४६ |
| यस वर्षसम्मको कर्जा नोक्सानी व्यबस्था खर्च | ३.१६ | १०,७०१,५०९।१३ | ९,९३७,१४३।८७ |
| **खुद संचालन आम्दानी** | | **२०,६५७,३५२।२४** | **१९,३५१,४०७।४४** |
| कर्मचारी खर्च | ३.२१ | ८,१८४,४२३।८६ | ७,६९९,२१०।१८ |
| कार्यलय संचालन खर्च | ३.२२ | ५,११४,४१३।३३ | ४,२४४,०२४।७९ |
| वित्तिय खर्च | ३.२३ | ३१७,८७६।७१ | ४१५,०८४।७८ |
| ह्रासकट्टी खर्च | ३.१ | ८२१,९३५।५३ | १,०७९,६३२।७८ |
| **कुल संचालन खर्च** | | **१४,४३८,६४९।४३** | **१३,४३७,९५२।५३** |
| **संचालन मुनाफा** | | **६,२१८,७०२।८१** | **५,९१३,४५४।९१** |
| गैर संचालन आम्दानी | ३.२४ | ०।०० | ०।०० |
| **सम्पुर्ण कारोबार पछिको खुद मुनाफा** | | **६,२१८,७०२।८१** | **५,९१३,४५४।९१** |
| कर्मचारी बोनस खर्च | | ५६५,३३६।६२ | ५३७,५८६।८१ |
| **आयकरभन्दा पहिलाको मुनाफा** | | **५,६५३,३६६।१९** | **५,३७५,८६८।१०** |
| आयकर व्यबस्था | | ६४२,०३४।५३ | २७२,२१०।७४ |
| स्थगन कर | | ०।०० | ०।०० |
| **आयकर पछिको खुद नाफा नोक्सान हिसाब** | | **५,०११,३३१।६७** | **५,१०३,६५७।३६** |

यसै मितिको संलग्न प्रतिवेदन अनुसार

| | |
|---|---|
| प्रमुख लेखा नितिहरु | १,२ |
| अन्य व्याख्यात्मक अनुसुचीहरु | ३ |

डिल बहादुर शाही
लेखा अधिकृत

विष्णु बहादुर बस्नेत
व्यवस्थापक

रुक्मागत पाण्डे
कोषाध्यक्ष

विष्णु प्रसाद बराल
सचिव

साबित्री ढुवाडी
उपाध्यक्ष

खेम राज सुवेदी
अध्यक्ष

कमल प्रसाद चापागाई
संयोजक
लेखा सुपरिवेक्षण समिति

सिए. सुराम ज्ञवाली
साझेदार
के.बि.जि. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

स्थान : बर्दघाट
मिति: ३०/०५/२०८१

# हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वर्दघाट, नवालपरासी

**श्रावण १, २०८० देखि असाढ ३१, २०८१ को नगद प्रवाह बिबरण**

*रकम रु.*

| कारोबारबाट नगद प्रवाह | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **व्यबसायिक कारोबारबाट नगद प्रवाह** | | |
| आयकर भन्दा पहिलाको नाफा | ५,६५३,३६६।१९ | ५,३७५,८६८।१० |
| **खर्च समायोजन** | | |
| **जोड्ने** | | |
| कर्जा नोक्सानी व्यवस्था | १०,७०१,५०९।१३ | ९,९३७,१४३।८७ |
| ह्रासकट्टी | ८२१,९३५।५३ | १,०७९,६३२।७८ |
| **घटाउने** | | |
| कर्जा नोकसानी व्यवस्थाबाट फिर्ता | (९,९३७,१४३।८७ | (८,८२५,४३६।४६ |
| **कार्यशिल पुंजीमा भएको परिवर्तन** | | |
| निक्षेपमा हिसावमा बृद्धी / (कमी) | ६६,०३९,६७३।५५ | ढ४,२१६,५२३।८४ण |
| चालू दायित्व तथा व्यबस्थामा बृद्धी / (कमी) | ९४८,८३९।८९ | २५०,७३८।६६ |
| अन्य सम्पतिमा कमी / (बृद्धी) | (३४८,९५८।१७ | (१,२४०,९५९।८० |
| **आयकर भुक्तानी अगाडी व्यबसायिक कारोबारबाट नगद प्रवाह** | **७३,८७९,२२२।२६** | **२,३६०,४६३।३२** |
| आयकर भुक्तानी घटाउने | (२७२,२१०।७४ | (२४३,९९७।६९ |
| **कारोबार संचालनबाट नगद प्रवाह(अ)** | **७३,६०७,०११।५२** | **२,११६,४६५।६३** |
| **लगानी कारोबारबाट नगद प्रवाह** | | |
| स्थिर सम्पति खरिद | (३११,३३७।५१ | (२२६,७००।०० |
| स्थिर सम्पति विक्री | ५,४२८।९४ | ६,०००।०० |
| गैर बैंकिग सम्पत्ति | (२,२६५,०००।०० | |
| लगानीमा कमी (बृद्धी) | १,०४०,८६८।१० | (१२,९६४,७३१।९७ |
| कर्जा तथा सापटीमा कमी / (बृद्धी) | (३७,६६१,६५९।१७ | १७,९१६,९१०।०५ |
| **लगानी कारोबारबाट नगद प्रवाह(आ)** | **(३९,१९१,६९९।६४** | **४,७३१,४७८।०८** |
| **वित्तिय कारोबारबाट नगद प्रवाह** | | |
| शेयर पुंजीमा ह्रास/वृद्धि | (९३,२००।०० | १,८७८,९००।०० |
| कर्जा तथा सापटीमा (कमी ) / बृद्धी | (१०,०००,०००।०० | (२,४९९,५००।३५ |
| लाभांश भुक्तानी | (१,८५७,६५७।०० | (१,६८२,४७३।९१ |
| ऐच्छिक कोषहरुमा भएको ह्रास/वृद्धि | ४०,३०९।७५ | ९८२,६४८।४० |
| अन्य कोषमा भएको ह्रास/वृद्धि | (१,१७२,७६१।२५ | (२,०४३,६२७।५३ |
| **वित्तिय कारोबारबाट नगद प्रवाह (इ)** | **(१३,०८३,३०८।५०** | **ढ३,३६४,०५३।३९ण** |
| यस वर्षको सम्पूर्ण गतिविधीबाट नगद प्रवाह(अ±आ±इ) | २१,३३२,००३।३८ | ३,४८३,८९०।३१ |
| गत वर्षको नगद तथा बैक मौज्दात | ४०,३८९,९६२।०४ | ३६,९०६,०७१।७३ |
| **नगद तथा बैक मौज्दात** | **६१,७२१,९६५।४२** | **४०,३८९,९६२।०४** |

यसै मितिको संलग्न प्रतिवेदन अनुसार

प्रमुख लेखा नितिहरु १,२

अन्य व्याख्यात्मक अनुसुचीहरु ३

| | | | |
|---|---|---|---|
| डिल बहादुर शाही<br>लेखा अधिकृत | विष्णु बहादुर बस्नेत<br>व्यवस्थापक | रुक्मागत पाण्डे<br>कोषाध्यक्ष | विष्णु प्रसाद बराल<br>सचिव |
| साबित्री ढुवाडी<br>उपाध्यक्ष | खेम राज सुवेदी<br>अध्यक्ष | कमल प्रसाद चापागाई<br>संयोजक<br>लेखा सुपरिवेक्षण समिति | सिए. स्याम ज्ञवाली<br>साझेदार<br>के.बि.जि. एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्टस् |

स्थान : बर्दघाट

मिति: ३०/०५/२०८१

# हाम्रो सुपर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बर्दघाट, नवलपरासी

## इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

**श्रावण १, २०८० देखि असाढ ३१, २०८१**

*रकम रु.*

| विवरण | शुरु मौज्दात | शेयर जारी/(फिर्ता) | कोषबाट भुक्तानी | यस वर्षको नाफाबाट बाडंफाडं | नोक्सान | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|
| **क) शेयर पुंजी** | | | | | | |
| शेयर पुंजी | ३१,०५८,१००।०० | (९३,२००।०० | ०।०० | ०।०० | ०।०० | **३०,९६४,९००।००** |
| **ख) कोषहरु** | | | | | | |
| साधारण जगेडा कोष | १३,३४६,६४७।७९ | ०।०० | (२४०,५७४।४० | १,२५२,८३२।९२ | ०।०० | **१४,८४०,०५५।११** |
| संरक्षीत पुंजी फीर्ता कोष | ९५६,९३५।७६ | ०।०० | ९५६,९३५।७६ | ९३९,६२४।६९ | ०।०० | **९३९,६२४।६९** |
| सहकारी प्रवर्द्धन कोष | १९,१३८।७२ | ०।०० | १९,१३८।७२ | १८,७९२।४९ | ०।०० | **१८,७९२।४९** |
| शेयर लाभांश कोष | १,८५७,६५७।०० | ०।०० | १,८५७,६५७।०० | १,८२०,०५३।०२ | ०।०० | **१,८२०,०५३।०२** |
| घाटा पुर्ति कोष | ७४०,९८८।५२ | ०।०० | ०।०० | १४०,००४।०८ | ०।०० | **८८०,९९२।६०** |
| सहकारी शिक्षा कोष | १६०,३७४।७६ | ०।०० | ५,४१०।०० | १४०,००४।०८ | ०।०० | **२९४,९६८।८४** |
| अन्य जोखिम व्यवस्थापन कोष | २७२,३१७।७६ | ०।०० | ०।०० | १४०,००४।०८ | ०।०० | **४१२,३२१।८४** |
| सामुदायीक विकास कोष | २५६,३६२।७६ | ०।०० | १६,९५०।०० | १४०,००४।०८ | ०।०० | **३७९,४१६।८४** |
| संस्था विकास कोष | ५२१,१६३।०० | ०।०० | ०।०० | १४०,००४।०८ | ०।०० | **६६१,१६७।०८** |
| सहकारी संस्था स्थिरिकरण कोष | १४२,५८३।४३ | ०।०० | १४२,५८३।४३ | १४०,००४।०८ | ०।०० | **१४०,००४।०८** |
| सदस्य कल्याण कोष | २७२,३१७।७६ | ०।०० | २७२,३१७।७६ | १४०,००४।०८ | ०।०० | **१४०,००४।०८** |
| **जम्मा** | **४९,६०४,५८७।२३** | **(९३,२००।००** | **३,०३०,४१८।२५** | **५,०११,३३१।६७** | **०।००** | **५१,४९२,३००।६५** |

यसै मितिको संलग्न प्रतिवेदन अनुसार

प्रमुख लेखा नितिहरु १,२

अन्य व्याख्यात्मक अनुसुचीहरु ३

डिल बहादुर शाही
